

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३३६ • २०८१ साल बैशाख २२ गते शनिबार (4 May, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लोसपा सांसद शर्मा निलम्बित



**टुडे समाचारदाता**

जनकपुरधाम । अदालतबाट जन्मकैदको सजाय पाएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्मा निलम्बित भएका छन् ।

मधेश प्रदेशसभा सचिवालयले सूचना जारी गर्दै लोसपाका संसदीय दलका नेतासमेत रहेका प्रदेश सांसद शर्मा निलम्बनमा परेका छन् ।

शर्मा निलम्बित भएसँगै मधेश प्रदेश सभामा १०६ जना प्रदेशसभा सदस्य कायम भएका छन् ।

गत मंसिर २८ गते लोसपाका मधेश प्रदेश संसदीय दलका नेता शर्मासहित ७ जनालाई महोत्तरी जिल्ला अदालतले जन्म कैदको सजाय सुनाएको थियो । सशस्त्र प्रहरीका असई थमन विकको हत्यामा संग्लन रहेको भन्दै अदालतले उनलाई जन्म कैदको सजाय फैसला गरेको थियो ।

सो घटनामा प्रत्यक्ष संग्लन रहेको भन्दै शर्मासहित प्रदीप साह, सञ्जयकुमार साह, मोहन ठाकुर, धर्मेन्द्र राय, जलेश्वर नगरपालिकाका पूर्व मेयर राम शंकर शाही र सुरेश पाण्डेलाई जन्म कैदको सजाय फैसला गरेको छ ।

# अग्नि पीडितलाई आवास निर्माण गर्ने मधेश सरकारको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । आगलागी घटनाका पीडितहरुलाई मधेश प्रदेश सरकारले आवास निर्माण संगै दश हजार रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ । मधेश प्रदेश सरकारले विभिन्न जिल्लामा भएको आगलागी घटनामा परेर पीडित भएकाहरुकालागि सो निर्णय गरेको छ ।

गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा शुक्रबार भएको प्रदेश विपद् व्यवस्थापन समितिको बसेको बैठकले प्रति परिवार १० हजार वितरण गर्ने निर्णय गरेको छ ।

सो बैठकले सर्लाही, सप्तरी र महोत्तरी जिल्लामा भएको आगलागीका कारणले ठूलो मात्रामा धनमालको क्षति भएको छ । तीन जिल्लाका सयौ भन्दा बढी घर तथा घरमा भएको धनमाल जलेर नष्ट भएपछि आगलागीका पीडितहरुलाई निकै समस्याबाट गुज्रिनु परिरहेको छ ।

आगलागीमा परेर घरबार गुमाएकाहरूलाई दिर्घकालीन व्यवस्थापनका लागि प्रदेश सरकारले आवासको निर्माण गर्ने विषयमा पनि प्रदेश विपद् व्यवस्थापन समिति छलफल भएको जनाइएको छ । प्रदेश सरकारले घोषणा गरेको रकम गृह, सञ्चार तथा कानुन मन्त्रालयले नै वितरण गर्ने गृहमन्त्री लेखीले बताए ।



उनले आगलागीमा परेर पीडित भएकाहरूलाई कानुनी प्रक्रिया तथा कर्मचारी तन्त्रका कारणले राहत पाउनमा ढिलाइ भएकोमा दुःख व्यक्त गर्दै यथाशीघ्र प्रक्रियाद्वारा पीडितको आवास निर्माणसमेत गरिने बताए ।

गर्मीयाम सुरु भएसँगै आगलागीका घटना बढ्न थालेको छ । पछिल्लो समय हरेक जिल्लामा आगलागीका घटना बढेको मधेश प्रदेश प्रहरीले जनाएको छ । प्रदेश प्रहरीले सङ्कलन गरेको विवरणमा हरेक जिल्लामा आगलागीका घटना भएका छन् । मधेशको सिरहा जिल्लामा सबैभन्दा बढी आगलागीको घटना भएको प्रहरीको तथ्याङ्कले देखाउँछ । आगलागीका घटना कम भएको जिल्ला सर्लाही रहेको छ ।

सिरहामा २१६ वटा र सर्लाहीमा १०६ आगलागीका घटना भएको छ । यसैगरी सप्तरीमा १७२, धनुषामा १४५, महोत्तरीमा १३०, रौतहटमा १८३, बारामा १२१ र पर्सामा १२८ वटा आगलागीको घटना भएको प्रदेश प्रहरीको तथ्याङ्क छ ।

आगलागीका कारण प्रदेशमा १० महिनाभित्र करिब आधा अर्ब बराबरको धनमाल जलेर खरानी भएको तथ्याङ्क छ । ८ वटै जिल्लामा करिव ४६ अर्व भन्दा बढी रुपैयाँ बराबरको धनमाल जलेर खरानी भएको छ ।

प्रहरीका अनुसार सप्तरीमा ५ करोड ४१ लाख, सिरहामा ८ करोड २० लाख, धनुषामा ८ करोड ४९ लाख, महोत्तरीमा ४ करोड १४ लाख, सर्लाहीमा ४ करोड ४१ लाख रुपैयाँ बराबरको अनुमानित क्षति भएको छ । यसैगरी रौतहटमा ४ करोड ९८ लाख, बारामा ४ करोड १७ लाख र पर्सामा ५ करोड ७२ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरी विवरण छ ।

प्रदेशका अधिकांश जिल्लामा आगलागीको घटना भएको छ । दिनहुँजसो कहीँ न कहीँ आगलागीका घटना भइरहेका छन् ।

एक्कासी गर्मी बढेसँगै आगलागीका घटना बढ्न थालेको प्रहरीको भनाइ छ । मुख्यतः २ कारणले आगलागीका घटना भइरहेका छन् । प्राविधिक गडबडी र मानवीय लापरबाहीका कारण आगलागीका घटना भइरहेको छ ।

## श्री रामजानकी सुडी कुटी जनकपुरधाम ७ को नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको उद्घाटन कार्यक्रम एं १५ पन्द्रऔं साधारण सभाको बन्द शत्र संचालन सम्बन्धी सूचना

(सुंडी समाजद्वारा संचालित) श्री रामजानकी सुडी कुटी जनकपुरधाम ७ को लतराहा कुटी परिसरमा निर्माण भएको अतिथी भवन एवं विवाह मण्डपको उद्घाटन संस्थाको प्रमुख संरक्षक श्री बलराम महतो ज्यूबाट हुने कार्यक्रममा एवं १५ पन्द्रऔं साधारण सभाको बन्द सत्र मिति २०७९/०४/१४ गते गणपुरक संख्या नपुगेकोले स्थगित भएको बन्द शत्र यस संस्थाको विधान २०५४ को २१.२ अनुसार प्रथम सूचना मिति २०८१/०२/०५ गते बिहान ८:०० बजे देखि यस संस्थाको लतराहा कुटी परिसरमा हुने भएकोले सम्पूर्ण संरक्षक सदस्य, आजिवन सदस्य र साधारण सदस्यहरुलाई यसै सूचनालाई निमन्त्रणा मानि नव निर्मित भवनको उद्घाटन कार्यक्रम एवं बन्द शत्रको सभामा सहभागी हुनको लागि विनम्र अनुरोधको साथ आमन्त्रण गरिएको छ ।

नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको संचालन व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धमा कार्य समितिको निर्णय अनुसार न्यूनतम रु. ११०००।- वा सो भन्दा माथि (नगदी/जिन्सी) सहयोग गर्ने स्वजाती दाताहरुको नामावली भवनको शिलालेखमा उल्लेख गर्ने भएकोले मिति २०८१/०१/२३ गते देखि मिति २०८१/०१/३० गते सम्म बिहान ७:०० बजे देखि १०:०० बजे समय भित्र समितिको कार्यालयमा आर्थिक सहयोग गर्न गराउनको लागि ईच्छुक स्वजाती बन्धुहरुमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**रत्न कुमार पुर्वे**
अध्यक्ष






# उन्नत जातको बाख्रा वितरण




**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको बलरा नगरपालिकामा किसानलाई नस्ल सुधार गरिएको ६६ वटा बाख्रा वितरण गरिएको छ।

हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोगमा नेपाल एकीकृत विकास समाजले साना किसान तथा युवा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत किसानलाई नस्ल सुधार गरिएको बाख्रा वितरण गरेको छ।

बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहाको उपस्थितिमा नगरपालिका कार्यालय परिसरमै किसानलाई बोलाएर बाख्रा वितरण गरिएको नेपाल एकीकृत विकास समाजका सचिव दीवाकर झाले जानकारी दिए।

झाले आर्थिक अवस्था कमजोर रहेका किसानलाई आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले बाख्रा वितरण गरिएको बताएका छन्।

यस्तै लालबन्दी नगरपालिका-१६, परवानिपुरमा रहेको न्यू उदय सामाजिक उद्यमी महिला कृषि सहकारी संस्थाले पनि आफ्ना महिला सदस्यलाई बाख्राको पाठी वितरण गरेको छ। संस्थाले ७० जना महिला किसानलाई बाख्राको पाठी वितरण गरेको छ।

# वातावरण संरक्षणका लागि आवश्यक छ 'प्रेस स्वतन्त्रता'

काठमाण्डु। विश्वभर अहिले प्रेस स्वतन्त्रताका बारेमा चर्चा चलिरहेको छ। प्रत्येक वर्ष मे ३ का दिन औपचारिक रुपमा विश्वभर यो दिवस मनाउने गरिन्छ। मे ३ का छेउछाउका दिनमा यसै दिवससँग सम्बन्धित कार्यक्रमको आयोजना गर्ने गरिन्छ। स्वभाविक रुपमा नेपाल पनि अपवाद छैन। नेपालमा पनि पछिल्ला वर्षहरुमा यो दिवस मनाउन थालिएको छ। सरकारीस्तरबाट नमनाइए पनि गैरसरकारी स्तरबाट भने नेपालमा यो दिवस सन् १९९५ देखि नै मनाउन थालिएको हो। नेपालमा पनि मे ३ का अवसरमा विविध कार्यक्रमहरु आयोजना गर्ने गरिएका छन्। वर्षभरिका प्रेस स्वतन्त्रताका उल्लङ्घनका घटनालाई सम्झिने र स्वतन्त्र प्रेसको अवस्थाको मूल्याङ्कन गर्ने दिनका रुपमा पनि मे ३ महत्वपूर्ण छ। तर सोचनीय के छ भने एक दिन सम्झिने र त्यसपछि खासै क्रियाशील नहुने अवस्थाका आधारमा कति उपलब्धि प्राप्त गर्न सकिएला ? नेपालको सन्दर्भमा पनि धेरथोर यस्तै अवस्था विद्यमान छ भनियो भने अन्यथा हुने छैन।

नामिवियाको विण्डहक सहरमा सन १९९१ मा सम्पन्न अफ्रिकाका पत्रकारहरुको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा एक घोषणापत्र जारी गरेको दिनलाई संयुक्त राष्ट्र सङ्घको आह्वानमा १९९३ देखि विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा विश्वभर मनाउन थालिएको हो। चिली र युनस्कोले यस पटक ३१ औँ विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा एक सम्मेलनको आयोजना गरिरहेका छन्। यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष नारा तय गर्दछ। युनेस्कोले यस वर्षअर्थात् सन् २०२४ का लागि प्रेस फोर द प्लानेट : जर्नलिज्म इन द फेस अफ द इनभायरोमेन्टल क्राइसिस भन्ने विषय तय गरेको छ।

नेपाल पत्रकार महासङ्घले नेपालीमा यसको अनौपचारिक अनुवाद पृथ्वीका लागि प्रेस : वातावरणीय सङ्कटका समयमा पत्रकारिता भनेर गरेको छ। यस पटकको यो दिवस वर्तमान वैश्विक वातावरण सङ्कटका समयमा पत्रकारिताको महत्वका सन्दर्भमा समर्पित छ। हो, पछिल्लो समयमा विश्वमा वातावरणीय समस्या क्रमशः चुलिँदै गएको छ। जलवायु परिवर्तन विश्व सरोकारको विषय बनेको छ। संयुक्त राष्ट्र सङ्घजस्ता संस्थाले पनि यस विषयलाई प्राथमिकतामा राखेको निकै भइसकेको छ।




केही महिना पहिले नेपाल भ्रमणमा रहनुभएका संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टिनिओ गुटरेसले पनि नेपालका हिमालहरुलाई जोड्दै जलवायु परिवर्तनका सम्बन्धमा व्यक्त गर्नुभएको अभिव्यक्ति स्वयम्मा महत्वपूर्ण छ। यसै विषयमा बर्सेनि विश्व सम्मेलनहरु आयोजन हुने गरेका छन्। अहिले विश्वभरि नै प्राकृतिक सम्पदाको दोहन आफू अनुकूल गर्ने प्रवृत्ति बढ्दो छ।

विश्वका सर्वोच्च शिखर सगरमाथालगायतका हिमालका हिउँ पग्लने र हिउँ नै नपर्ने समस्या अब नौलो रहेन। नदीका जल सतह बढ्ने वा घट्ने कुरा पनि अब नयाँ रहेन। युएईमा यस वर्ष परेको वर्षाले त्यहाँ बाढीको विभिषिका निम्त्यायो। नेपालको तराई भूमिमा जमिनमुनिको पानीको सतह दिनहुँ तल गइरहेको छ,। विगत एक सय ७० वर्षमा गत वर्ष २०२३ सर्वाधिक तातो वर्ष रहेको अध्ययनहरुले दाबी गरिरहेको छ। मालदिभ्सजस्ता केही देशको भविष्य सङ्कटाभिमुख छ। यस्ता अनेक उदाहरण छन्, जसका आधारमा विश्वमा वातावरणीय सङ्कटका परिणाम मानव सभ्यताका सामु देखा परिरहेको मान्न सकस छैन। तर यति हुँदाहुँदै पनि मानव सभ्यता विद्यमान सङ्कटप्रति गम्भीर भएको पाइँदैन। वातावरणमा देखिएको यो सङ्कट समाधानका दिशामा वर्तमान पुस्ताले गम्भीरता देखाउन सकेन भने यो पुस्ताले भावी पुस्तालाई यो पृथ्वी यहीरुपमा हस्तान्तरण गर्न सम्भव छैन। यो भनेको भावी पुस्ताप्रतिको गैरजिम्मेवार दायित्व निर्वहन हो।

यस पृष्ठभूमिमा युनेस्कोले यस वर्ष उठान गरेको विषय अत्यन्त सान्दर्भिक रहेको मान्न सकिन्छ। सूचना सम्प्रेषणलगायतका पत्रकारिताका धेरै कार्यमध्ये एक महत्वपूर्ण कार्य हो शिक्षाको प्रसार वा जनचेतनाको जागृति। युनेस्कोले चयन गरेको विषयको महत्व पत्रकारिताको यसै कार्यसँग सम्बद्ध छ। वातावरणीय सङ्कटसँग जुधिरहेको पृथ्वीको रक्षाको गुरुत्तर दायित्व पत्रकारिताको काँधमाथि छ। पत्रकारिताले वातावरण संरक्षणको षिषयलाई विश्वव्यापी एजेण्डा बनाएर स्वतन्त्र प्रेसको दायित्व निर्वाह गरोस् भन्ने पनि युनेस्कोले आफ्नो नारामार्फत सन्देश दिन चाहेको भनेर बुझ्नु गलत हुने छैन।

पछिल्लो विश्वमा पत्रकारिताको सामाजिक उत्तरदायित्वको सिद्धान्त निकै लोकप्रिय मानिन्छ। निश्चित पनि वातावरणीय मुद्दा उठानका विषय पनि सामाजिक उत्तरदायित्व निर्वहनकै अन्तर्गत पर्ने कुरामा विमति हुन सक्दैन। विश्व पत्रकारिता समुदायले पनि यो सत्य बुझ्न ढिला गर्नुहुँदेन। तर यो सिद्धान्त जतिसुकै लोकप्रिय भए पनि व्यवहारमा भने यसको इमान्दार अनुवाद भएको बिरलै मात्र पाइन्छ।

यस सन्दर्भमा कार्बन उत्सर्जनको विषयलाई अत्यन्तै सशक्त उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ। विश्वका विकसित राष्ट्रहरुले विकासका नाममा ठूलो मात्रामा कार्बन उत्सर्जन गरिरहेको कुराबाट विश्व समुदाय अनभिज्ञ छैन। यसबाट ती देशले त आर्थिक सम्पन्नता प्राप्त गरेका छन। विडम्बना, अल्पविकसित साना राष्ट्रहरु यसको मारमा परिरहेका छन्। तर ती ठूला र विकसित देशमा कार्बन उत्सर्जनको मुद्दा त्यहाँको पत्रकारितामा वीरलैमात्र एजेण्डा बन्ने गरेको पाइन्छ। कुनै बेला हिउँले सेताम्मे हुने हिमालयमा कालो चट्टान देखिनु कार्बन उत्सर्जनको परिणाम पनि हो तर यो मुद्दा उठानमा पनि विकसित देशका मिडिया चुकेको पाइन्छ। हिमाल आरोहणको विषयलाई प्राथमिकतामा राख्ने ती मिडियाले हिमालको प्रदूषण र हिमनदीको अवस्थामा आएको परिवर्तनका कुरालाई खासै महत्व दिएको नदेखिन सक्छ।

माथि चर्चा गरिएका विषय प्रत्यक्षतः प्रेस स्वतन्त्रतासँग सम्बन्धित नदेखिन सक्छन। तर गहिरिएर हेर्दा र मिहीन ढङ्गले विश्लेषण गर्दा यो विषय पनि प्रेस स्वतन्त्रतासँग जोडिएको विषय हो भन्न कञ्जुस्याइँ गर्नु आवश्यक छैन। एउटा प्रश्न उठ्न सक्छ, प्रभावशाली मानिएका देशका प्रभावशाली भनिएका मिडिया प्रायः यी विषयमा किन मौन बस्छन ? उत्तर थुप्रै हुन सक्ने सम्भावना छ। एउटा उत्तर के हुन सक्छ भने शायद ती मिडियाहरु यस्ता विषयको उठान गर्न स्वतन्त्र छैनन्।

आजको विश्वमा धन आर्जन गर्ने व्यवसायका रुपमा समेत परिचय बनाउन सकेको मिडियाको आफ्नो स्वार्थसँग पनि सायद यो विषय जोडिएको छ र सायद त्यसैले पत्रकारले यो विषय उठान गर्न चाहे पनि पत्रकारिताको संस्थाले यस्ता विषयलाई प्राथमिकतामा नराखेको हुन सक्छ। केही हदसम्म यो विषय समाचार कक्षको सम्पादकीय स्वतन्त्रतासँग पनि जोडिन पुग्छ।

विज्ञापनको चम्किलो रातमा सायद मानव कल्याणको जुन ओझेलमा पर्छ। सन्ततिको भविष्य सुखमय बनाउन धन सङ्कलनमा तल्लीन वर्तमानका मिडिया सञ्चालक र जिम्मेवार राष्ट्रहरुले पृथ्वी-प्रकृतिको हस्तान्तरणबारे भने सायद सोच्न आवश्यक ठानेका छैनन। यसो हो भने निश्चय पनि यो विषय प्रेस स्वतन्त्रतासँग जोडिन्छ र युनेस्कोले उठान गरेको विषय (नारा) स्वाभाविक रुपले सान्दर्भिक हुन पुग्दछ।रासस

# राष्ट्रपतिद्वारा विश्व प्रेस स्वतन्त्रता दिवसको शुभकामना

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण पत्रकारसहित नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

निरङ्कुश शासनको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा नेपाली प्रेस जगत्ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य हामी सबैलाई विदित छ भन्दै राष्ट्रपतिले आज जारी गर्नुभएको शुभकामना सन्देशमा स्वतन्त्र र निष्पक्ष पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त भएको बताउनुभएको छ। प्रेस तथा अभिव्यक्तिस्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ हो भन्दै उहाँले नेपाली प्रेसले लोकतन्त्रका लागि भएका आन्दोलनहरूमा धेरै ठूलो योगदान गरेको बताउनुभएको छ।

"प्रेस स्वतन्त्रता प्रेसको मात्र नभएर नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हक कार्यान्वयन गर्न पनि उत्तिकै अनिवार्य हुन्छ। यसले शासन प्रणालीलाई पारदर्शी र उत्तरदायी बनाउन मद्दत पुग्नेछ भन्ने मलाई लाग्दछ। यो समग्र समाजको लोकतान्त्रीकरणको अभियानको एउटा महत्त्वपूर्ण पक्ष पनि हो भन्ने मलाई लाग्दछ", राष्ट्रपति पौडेलले सन्देशमा भन्नुभएको छ।



प्रेस जति तटस्थ, स्वतन्त्र र सबल हुन्छ लोकतान्त्रिक व्यवस्था त्यति नै सुदृढ हुँदै जाने तथा त्यसका लागि आवश्यक वातावरण निर्माण गर्नु हामी सबैको जिम्मेवारी भएको बताउँदै राष्ट्रपतिले नेपाली प्रेसको यही महत्त्वपूर्ण भूमिकाका कारण हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गरेको उल्लेख गर्नुभएको छ।

सूचना सङ्कलनदेखि त्यसलाई प्रवाह गर्ने प्रक्रियासम्म निर्वाध रूपमा संलग्न हुन पाउनु नै सही अर्थमा प्रेस स्वतन्त्रता हो भन्दै उहाँले बहुलवादमा आधारित पत्रकारिताको अभ्यासले हरेक प्रकारका समाचारहरूमाथि सबै नागरिकको सहज पहुँच स्थापित गर्दछ र सञ्चारमाध्यमबाट सबै वर्ग-समुदायको आवाज मुखरित हुने बताउनुभएको छ।

"समाजमा विभिन्न कालखण्डहरूमा अनेक खालका अफवाहहरू फैलन सक्छन्। यस्ता अफवाहले नागरिकलाई दिग्भ्रमित गर्ने र सही विचार निर्माण गर्नमा समस्यासमेत उत्पन्न गर्ने गर्दछन्। त्यस अवस्थामा स्वतन्त्र पत्रकारिताले सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गरी समाजमा सही र सत्य कुरा स्थापित गर्न अझ बढी मेहनत गर्नुपर्दछ भन्ने पनि म ठान्दछु", सन्देशमा भनिएको छ।

बढ्दो सामाजिक सञ्जालको प्रयोग र यसका माध्यमबाट प्रवाहित हुनसक्ने मिथ्या र भ्रामक सूचनाले नागरिकलाई दिग्भ्रमित पार्न सक्ने तथा व्यवस्थालाई कमजोर बनाउने चुनौती हाम्रोसामु रहेको वास्तविकता औँल्याउँदै राष्ट्रपति पौडेलले यस्ता चुनौती सामना गर्दै जनतालाई सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गर्न आजको दिनले नेपाली प्रेस जगत्लाई थप ऊर्जा, हौसला र उत्प्रेरणा देओस् भन्ने कामना गर्नुभएको छ।

"जनताको ठूलो त्याग, सङ्घर्ष र बलिदानबाट हामीले आज सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौँ। हाम्रो लामो राजनीतिक सङ्घर्ष पूरा भएर अब मुलुक आर्थिक रूपान्तरणमार्फत समृद्धिको बाटोमा अघि बढेको छ। मुलुकको यो आवश्यकतालाई ध्यानमा राखेर नेपाली प्रेस त्यसैतर्फ केन्द्रित हुँदै जानेछ भन्ने अपेक्षा गरेको छु", सन्देशमा राष्ट्रपतिले भन्नुभएको छ।

युनेस्कोले तय गरेको 'पृथ्वीका लागि प्रेसः वातावरणीय सङ्कटको युगमा पत्रकारिता' नाराले वातावरणीय सङ्कट निवारणमा प्रेसको भूमिका अपेक्षा गरेको देखिन्छ भन्दै राष्ट्रपति पौडेलले जलवायु परिवर्तनले पारेको असरको समीक्षा गर्दै त्यसबाट नागरिकलाई सचेत बनाएर यो सङ्कट निवारणमा सबैको भूमिकाको खोजी गर्न यो नाराले प्रेरित गर्ने विश्वास सन्देशमा व्यक्त गर्नुभएको छ।

नेपाली सञ्चारजगत् संविधान प्रदत्त अधिकारको पूर्ण प्रयोग र रक्षार्थ निर्भयपूर्वक लागिरहनेछ भन्ने पूर्ण विश्वासका साथ राज्यका तीनवटै अङ्गलाई सजग र सतर्कतापूर्वक कार्यसम्पादन गर्न र आमनागरिकलाई सत्य सूचना सम्प्रेषण गर्न प्रेसजगत्लाई सफलता प्राप्त होस् भन्ने शुभकामना राष्ट्रपतिले व्यक्त गर्नुभएको छ।रासस

# 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबिना लोकतन्त्र पूर्ण हुँदैन'

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबिना लोकतन्त्र पूर्ण हुँदैन भन्नुभएको छ। विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले उक्त



कुरा बताउनुभएको हो।

मन्त्री शर्माले शुक्रबार शुभकामना सन्देश जारी गरी सञ्चारजगत लगायत सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि भएका सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुभएका सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै घाइते, अपाङ्गलगायत प्रेस स्वतन्त्रताको आन्दोलनमा योगदान गरेकाहरूप्रति सम्मान प्रकट गर्नुभएको छ।

सन् १९९३ मा भएको संयुक्त राष्ट्रसङ्घीय साधारणसभाको घोषणापछि युनेस्कोको आह्वानमा हरेक वर्ष ३ मे का दिन नेपालसहित विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ। यसले विगतको यथार्थ समीक्षासहित आगामी दिनमा प्रेस स्वतन्त्रताको पक्षमा कार्यक्रम तय गर्न सहयोग पुग्ने विश्वास लिएको छु।

"प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबिना लोकतन्त्र पूर्ण हुन सक्दैन। संविधानको प्रस्तावनामै राखिएको पूर्ण प्रेस स्वतन्त्रतालाई संरक्षण र कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ। प्रेस स्वतन्त्रता थप सुनिश्चित गर्नेगरी विगत एक वर्षदेख सञ्चारसँग सम्बन्धित कानुन निर्माण तथा पुनरावलोकनको काम भइरहेको छ। सञ्चारसम्बद्ध संस्था तथा यस क्षेत्रका विज्ञहरूको राय-सुझावका आधारमा कानुनको मस्यौदा गर्ने, त्यसमाथि सरोकारवाला र आम नागरिकको राय-सुझावसमेत लिएर पारदर्शी र लोकतान्त्रिक विधिबाट कानुन निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकता दिएको छ," सन्देशमा भनिएको छ। उहाँले आमसञ्चार क्षेत्रको स्वनियमन प्रवर्द्धनमा केन्द्रित रहेर तयार गरिएको मिडिया काउन्सिल विधेयक भर्खरै सङ्घीय संसद्मा दर्ता भएको छ भने आमसञ्चार विधेयक पूर्वविधायिकी चरण पूरा गर्ने प्रक्रियामा रहेको बताउनुभएको छ।रासस

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८१।१।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : रिंकु कुमारी सिंह**
**सिम्बोल नं.:** ११६३३३०
**रजिष्ट्रेशन नं.:** ६९१६०२१६२
ठेगाना: अर्नामा गा.पा.-३, लालपुर, सिरहा
**मो.नं.** ९८४४१९२०१६

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**सर्लाहीको विष्णु गाउपालिका-१** बाराउद्योरणस्थित पुर्वी टोलामा बिहीबार भएको आगलागीबाट घर जलेर नष्ट भएपछि चर्को घाममा बयलगाढा मुनी ओत लागेर सुतेका स्थानीय आगलागी पीडित।
*तस्बिर : रासस*

# कर्मचारीतन्त्रबाट असहयोग : मन्त्री चौधरी

टुडे समाचारदाता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले राजनीतिक नेताले केहि काम गर्न खोजेपनि कर्मचारीतन्त्रबाट सहयोग प्राप्त नभएको बताएकी छन्।



राष्ट्रियसभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले शुक्रबार अयोजना गरेको 'लैङ्गिक उत्तरदायी बजेट तथा यौन तथा तथा प्रजनन स्वास्थ्य अधिकारको प्रवर्द् धनका लागि सांसदहरूसँगको अन्तरक्रिया कार्यक्रम' मा मन्त्री चौधरी त्यस्तो बताएकी हुन्।

लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियाका सन्दर्भमा रतखोजे पनि कर्मचारीतन्त्रबाट त्यति सहयोगप्राप्त नभएको उनको भनाइ छ । "हामी राजनीतिक नेताहरूले नेतृत्वमा हुँदा आशा जगाउने र नतिजा दिनेगरी काम गर्नुपर्छ भनेर योजना अगाडि बढाउँछौं।

पार्टी नेतृत्वले पनि सोहीअनुसार निर्देशित गर्नुहुन्छ तर कर्मचारीले भने नियम कानुन तेऱ्याएर हुँदैन भन्नुहुन्छ र यसले समस्या भइरहेको छ", मन्त्री चौधरीले भनिन।

त्यसैगरी उनले न्यून बजेट भएका कार्यक्रम कार्यान्वयन गर्नुको सट्टा अफ्ठ्यारोमा पार्ने काम भइरहेका भन्दै कर्मचारी र राजनीतिक नेतृत्वबीच तालमेलको अवस्था बनाउन जरूरी रहेको धारणा राखेकी थिइन्। "राज्यको स्थायी सरकार भनेको कर्मचारी प्रशासन नै हो।

राजनीतिक नेतृत्व त आउने जाने भइरहन्छ । त्यसैले कर्मचारीबीच मिलेर काम गर्नुको विकल्प छैन", मन्त्री चौधरीको भनाइ थियो।

# सरकारले साहसिक र जनपक्षीय काम गरेको छः प्रधानमन्त्री

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश र जनताका पक्षमा सरकारले ऐतिहासिक काम गरेको बताउनुभएको छ। नेपाल पत्रकार महासङ्घको २७औं महाधिवेशनका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफूले देश र जनताका हितमा राम्रा काम मात्र गर्ने प्रण गरेको बताउनुभयो।



"मैले पदभार ग्रहण गर्दा भनेको थिएँ, देश र जनताका हितमा राम्रा काम मात्रै गर्नेछु र सरकारी संयन्त्रलाई पनि राम्रा काम मात्रै गर्न निर्देशित गर्दछु", प्रधानमन्त्रीले भन्नुभयो, "यस अवधिमा सरकारबाट भएका कामहरूलाई हेर्ने हो भने इतिहासले नै सम्झिने गरी धेरै साहसिक र जनपक्षीय कामहरू भएका छन्।"

सङ्कटपूर्ण अवस्थामा रहेको अर्थतन्त्रमा राम्रो सुधार आएको उल्लेख गर्दै उहाँले नेपाल श्रीलङ्का नै बन्दैछ, भन्ने भाष्य चिरेर अर्थतन्त्रलाई लयमा अघि बढाइएको बताउनुभयो। "शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चिति, विप्रेषण आय, राजस्व सङ्कलनमा सुधार आएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "अर्थतन्त्रका सूचकाङ्कहरू सकारात्मक दिशातर्फउन्मुख छन् । वित्तीय नीति र मौद्रिक नीतिमा एकरूपता ल्याई लगानीमैत्री वातावरण सिर्जना गरिएको छ।"

पछिल्लो समय बैंकको ब्याजदर घटेको, लघुवित्त र सहकारीका समस्या समाधानको पहल गरिएको र सार्वजनिक संस्थान व्यवस्थापनमा सुधार आएको उल्लेख गर्दै उहाँले पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुँदा पर्यटन क्षेत्रमा उत्साह थपिएको बताउनुभयो।

सरकारले चालेको सुशासनका कार्यबारे प्रधानमन्त्री दाहालले भन्नुभयो, "नक्कली भुटानी शरणार्थी काण्डको छानविन, ललिता निवास प्रकरणमा निर्भिकतापूर्वक गरिएको कारबाही, सुनकाण्डको निष्पक्ष छानविनजस्ता घटनाले राज्यशक्तिको दुरुपयोगमार्फत भएका अपराधकर्मको पर्दाफास भएको छ।"

मिटरब्याजपीडितका पक्षमा उठाइएका कदम, नागरिकताविहीन नेपाली नागरिकका सन्तानका लागि नागरिकता ऐन निर्माण र नागरिकता प्रदान जनताको पक्षमा महत्वपूर्ण काम भएको उल्लेख गर्दै प्रधानमन्त्रीले राहादानी, सवारी चालक अनुमतिपत्रजस्ता दैनिक सेवा प्रवाह गर्ने कार्यालयमा लाग्ने अव्यवस्थित लाइन हटाउने कदम र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण काम भएको बताउनुभयो।

उहाँले देशभरिका ५५ लाखभन्दा बढी विद्यार्थीका लागि यसपटक पनि समयअगावै पाठ्यपुस्तक पुऱ्याइएको, किसानहरूका लागि समयमै रासायनिक मलको प्रबन्ध भएको, विपन्न र असहाय नागरिकका लागि अस्पतालमा दुई हजार नौ सय निःशुल्क श्यया तथा गैरआवासीय नेपालीका लागि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसहितको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गरिएको बताउनुभयो।

प्रधानमन्त्री दाहालले नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्नेगरी दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुनु, बङ्गलादेशसँग पनि विद्युत् बिक्रीको सहमति हुनु र देशभित्र विद्युत् उत्पादनमा जोड दिनुले देशको आर्थिक भविष्य उज्वल रहेको छ भन्ने स्पष्ट भएको बताउनुभयो।रासस

# सूचनाको हकसम्बन्धी क्षेत्रमा उत्कृष्ट १३ जनालाई पुरस्कृत गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । सूचनाको हकसम्बन्धी क्षेत्रमा उत्कृष्ट काम गर्ने १३ जना पुरस्कृत हुने भएको छ।

आयोगले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गरी राष्ट्रिय सूचना आयोगले १७औं वार्षिकोत्सवका अवसरमा सूचनाको हकसम्बन्धी क्षेत्रमा उत्कृष्ट काम गर्ने १३ जनालाई पुरस्कृत गर्ने निर्णय गरेको जनाएको हो।




आयोगले विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट सिराहा नगरपालिका-७ का परशुराम साह, पोखरा महानगरपालिका-१६ का यदुनाथ बञ्जरा, हेटौंडा उपमहागरपालिका-८ का इन्द्रप्रसाद बन्जरा र मेलाम्ची नगरपालिका-१० का आदित्य दहाललाई पुरस्कृत गर्ने निर्णय गरेको जनाएको छ।

यसैगरी उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पञ्चदेवल विनायक नगरपालिका अछामका ललितबहादुर बुढा, घ्याङलेख गाउँपालिका सिन्धुलीका किशोरकुमार वाइवा, गल्कोट नगरपालिका बाग्लुङका तुलबहादुर विक, दङ्गीशरण गाउँपालिका दाङका टेकबहादुर खत्री र धनकुटा नगरपालिका धनकुटाका सूचना अधिकारी डम्बर रोगुलाई आयोगले पुरस्कृत गर्नेछ।

त्यस्तै, उत्कृष्ट कर्मचारी पुरस्कारबाट आयोगका शाखा अधिकृत हरिहर कार्की, नायव सुब्बा शान्ता न्यौपाने, लेखापाल लक्ष्मण अर्याल र कम्प्युटर अपरेटर गौरव गुरुङ पुरस्कृत हुनेछ ।पुरस्कृत व्यक्तित्वहरूलाई शनिबार राष्ट्रपति कार्यालय शीतल निवासमा हुने विशेष समारोहबीच पुरस्कार प्रदान गरिने भएको छ।

# प्रदुषणबाट बच्न मन्त्रालयको अपिल

**टुडे समाचारदाता**

काठमाण्डु । वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले डढेलो तथा आगलागीका घटनाहरु बढेसँगै केही दिनयता वायु प्रदूषणका कारण जन स्वास्थ्यमा असर परेको देखिएकाले त्यसबाट जोगिन अपिल गरेको छ।




वायु प्रदूषणका कारण आँखा पोल्ने, नाक चिलाउने, घाटी खसखसाउने, खोकी लाग्ने समस्या तुरुन्त देखिने गर्दछन् भने दीर्घकालीन रुपमा श्वास प्रश्वास, मुटु, गर्भावस्थामा जटिलतालगायतका विभिन्न स्वास्थ्य समस्या हुने गर्दछ।

यसले विशेष गरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दीर्घरोगी, साथै गर्भावस्थाका महिला बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन विभागले सबैमा अपिल गरेको हो।

नेपालमा फागुन, चैत, वैशाख र जेठ महिनामा वायु प्रदूषण बढ्ने गरेको वातावरण विभागको वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्याङ्कले देखाएको छ । यस अवधिमा विशेष गरी बढ्दो तापमान, कम सापेक्षित आद्रता र सुक्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारणजस्तै फोहर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारी साधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धुँवा धुलोबाट वायु प्रदूषण हुने गरेको पाइएको छ।

हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारणले जनधनको क्षतिका विवरण प्राप्त भइरहेका विभागले जनाएको छ। भू-उपग्रहको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को सुरुआतदेखि हालसम्म एक हजार ६५३ डढेलो तथा आगलागीका घटना भएको देखिन्छ। पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालको अधिकांश भूभागमा वायु प्रदूषण बढेको पाइएको छ।

प्रदूषण बढी भएका स्थानमा घर बाहिर निस्कदा सबै नागरिकले अनिवार्य रुपमा मास्कको प्रयोग गर्न तथा वायु प्रदूषण बढाउने किसिमका क्रियाकलापजस्तै फोहर बाल्ने, कृषिजन्य अवशेष बाल्नेलगायतका क्रियाकलाप नगर्नसमेत विभागको अनुरोध छ । सानो लापर्वाहीका कारण वन डढेलोले ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले सचेत हुनका साथै वन डढेलो नियन्त्रणका लागि जिम्मेवार निकायले सक्रियता बढाउन तथा सरोकारवाला निकायसँग हातेमालो समेत गर्नुहुन आम समुदायलाई विभागले अपिल गरेको छ।


# बालबालिकालाई पोलियोविरुद्ध खोप लगाइँदै

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले बालबालिकालाई पोलियो रोगविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ। आगामी जेठ १३ गतेदेखि पोलियो रोगविरुद्धको खोप 'आइपिभी' अभियान सञ्चालन गर्ने भएको हो। यसअघि खोप लगाउन छुटेका बालबालिकाले अभियानमा खोप लगाउन पाउनेछन्।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले पोलियो रोगबाट बचाउन देशभरिका करिब १४ लाख ६२ हजार बालबालिकालाई पोलियो रोगविरुद्धको खोप 'आइपिभी' लगाइने जानकारी दिए। उनले पोलियो रोगको सङ्क्रमण अझै देखिएकाले अभियान सञ्चालन गर्न लागिएको बताए। उनका अनुसार विसं २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकालाई उक्त खोप लगाउन लागिएको हो।

सन् २०१६ देखि २०१८ को बीचमा उक्त 'आइपिभी' खोप उत्पादन हुन नसकेपछि ती उमेर समूहका बालबालिका खोप लगाउनबाट छुटेका थिए। खोप अभियानका लागि ग्लोबल एलाएन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)ले रु ३२ करोड बराबरको खोप उपलब्ध गराएको विभागले जनाएको छ। "नियमित रुपमा ती बालबालिकालाई लगाइने पोलियोविरुद्धको खोप गाभीले त्यतिबेला उपलब्ध गराउन सकेको थिएन", उनले भने, "अहिले फेरि खोप उपलब्ध गराएपछि लगाउने तयारी गरिएको हो।"



नियमिततर्फ पोलियोविरुद्ध छ हप्ता, १० हप्ता र १४ हप्ताका बालबालिकालाई मुखबाट थोपा तथा १४ हप्ता र नौ महिनासम्मका बालबालिकालाई खोप लगाइन्छ। दुई सातासम्म चल्ने अभियानमा पोलियोविरुद्धको खोप 'आइपिभी' दिइने जनाइएको छ। सरकारले सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने लक्ष्य राखेको छ।


## शहीदनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### यदुकूहा, धनुषा

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/२१

यस न.पा. अन्तर्गत पर्ने श्री जनता माध्यमिक विद्यालय कुम्भकरणको शिक्षक छनौट समितिको मिति २०८१/०१/१८ गतेको निर्णयानुसार उक्त विद्यालयमा रिक्त रहेको प्रा.वि. स्तरको स्वीकृत दरबन्दी-१ (एक) मा करार सेवामा शिक्षक नियुक्ती गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक उम्मेदवारले आफू सँग रहेको शैक्षिक योग्यता, अध्यापन अनुमती पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति तथा तपसिलमा उल्लेखित परिक्षा दस्तुर वापतको रकम यस विद्यालयको नेपाल बैंक लिमिटेड, सबैला शाखामा स्थित चल्ति हिसाब नं. ००८००१००४६४३९२००००१ मा जम्मा गरेको भौचर संलग्न गरी सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस विद्यालयमा आवेदन फारम पेश गर्नुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

तपसिल

१. **विज्ञापन नं. ४/०८०/०८१**
२. **पद संख्या** - १ (प्राथमिक शिक्षक)
३. **सेवा** - अस्थायी (करार)
४. **तलब स्केल** - नेपाल सरकारको प्रचलित स्केल अनुसार।
५. **उमेरको हद** - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
६. **नागरिक** - नेपाली
७. **परिक्षा दस्तुर** -७००/- (अक्षरेपी रु सात सय मात्र)
८. **शैक्षिक योग्यता** - प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण।
९. **स्थायी अध्यापन अनुमति पत्र** - अनिवार्य
१०. आवेदन फारम भर्न आउँदा मूल प्रमाणपत्रहरुको सक्कल प्रति सहीत आउनु पर्ने।
११. **दरखास्त बुझाउने मिति** - २०८१/०१/२१ देखी २०८१/०२/०४ गते सम्म।
१२. **सम्पर्क मिति** - २०८१/०२/०५ गते शनिबार, १०:३० बजे।
१३. **परिक्षाको किसिम** - लिखित र अन्तरवार्ता।
१४. महिला, अपाङ्ग, दलित, तालिम प्राप्त तथा अनुभवी र शिक्षक सेवा आयोग बाट करार सूचीमा रहेका उम्मेदवारहरु लाई विषेश ग्राह्यता दिइनेछ।
१५. लिखित परिक्षाको मिति-सम्पर्क मितिमा तोकिनेछ।
१६. विज्ञापन सम्बन्धि सम्पुर्ण अधिकार समितिमा सुरक्षित रहने छ।
१७. छनौट सम्बन्धी कार्य समितिले निर्धारण गरे बमोजिम हुनेछ।
१८. रिक्त नपुगेको निवेदन माथि कुनै कर्वाही हुने छैन।
१९. फोटो-२ प्रति र रु. २५/- तिरी फाइल र आवेदन फारम विद्यालयबाट प्राप्त गर्न सकिनेछ।

**द्रष्टव्यः**- विशेष जानकारीको लागि मो. ९८१६८०८४८३ मा सम्पर्क गर्नुहुन।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। कर्म योगी ।।

कर्म, कर्म गर्न मलाई आनन्द आउँछ।
आफूले आफैमा रमाउन र हराउन आनन्द आउँछ।
आफ्नो परिवारलाई चाहेको कुरा उपलब्ध गराउन आनन्द आउँछ।
आफ्नो परिवारको अनुहार मुस्कुराहट बाट सजाउन आनन्द आउँछ।
आफ्नो आवश्यकता पुरा गर्न पसिना बगाउन आनन्द आउँछ।
कर्म गरे सम्पूर्ण थोक पाउँछ सम्झेर कर्म गर्न आनन्द आउँछ।
देखावटी युगबाट टाढा रही प्रतिभा पहिचान गर्न आनन्द आउँछ।
समय समयमा विगतलाई सम्झी भविष्य सजाउन आनन्द आउँछ।
धेरै सम्बन्ध आँगाले र हेरि सके एकान्तमा बस्न आनन्द आउँछ।
एकान्तले धेरै कुरा सिकाउँछ यो मनन् गरी आनन्द आउँछ।
कर्म गरे निश्चित सफलता पाइन्छ य सम्झी आनन्द आउँछ।
हो म कर्म योगी हों किनकि मलाई कर्म गर्न आनंद आउँछ।



**लेखक:-आई.पी. रुपेश महतो**
**ठेगाना:-माधवनारायण न.पा -३ सखुअवा, रौतहट**


## 'यहाँ म बेकार'

यहाँ म बेकार,
बग्दै गरेको यो खून,पसिना सँगै
मेरो श्रम बेकार
मेरो बाबा बेकार,
मेरो बाबाले गरेको वलिदानी बेकार
मेरो बाजे बेकार
मेरो बाजेले संजोगेको संस्कृति र परम्परा बेकार
मेरो पुर्खा बेकार
मेरो पुर्खाले जोगाएको त्यो किर्ती र धरोहर बेकार
देश त् खाली
नेताले जोगाएर राखेको छ
देश त् खाली
भ्रष्ट कर्मचारी र सामर्थ्य पुँजिवादीहरुले जोगाएर राखेको छ
मेरो भाई, बहिनी बेकार
मेरो इस्टमित्र र मेरो नातागोता बेकार
छोराछारी सहीत मेरो स्वास्नी सँगै उस्को कोरे बच्चा बेकार
मेरो यो वर्ण बेकार,
मेरो पहिरन बेकार,
मेरो जाति बेकार,
र यो देशको सिमाना रक्षा गर्दैगरेको मेरो वीर जवान बेकार,
मेरो धर्म ब्यबस्था सहीत
लेखेको इतिहास बेकार,
यो संविधान बेकार
सबै बेकार छ, हो सबै बेकार
किनकी, इनिहरुको मुखमा आवाज छैन
र मेरो पहुँच छैन
त्यसैले त भनेको कि
कि यहाँ म बेकार



**विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**हाल - दोहा,कतार**


मलाई मन पर्ने कविता
सुनौं, मेरो मनपर्ने कविता,
शब्दहरूले निर्मित गरिएको चित्रकला।
तपाईंको मनमा के छ छिप्पेर बसेको,
जीवनको गुहार रहस्यमय बनेको।
सुनौं, ओ मेरो आत्मीय अभिव्यक्ति,
स्वप्नहरूको साहित्यिक संग्रहको प्रतिबिम्ब।
प्रेम, आशा, विश्वासको बन्धनमा बाधित,
जीवनको मार्गमा परिचिति अनजान लिएको।
तपाईंको हृदयको मंत्रमुग्ध भाषा,
कविताको सौन्दर्यले भरिएको आधार चित्र।
सुन, ओ मेरो चित्रकार,
स्वप्नहरूको कवितामा साक्षात्कार।



**लेखक : विवेक साह**
**जनकपुरधाम ४**

## ।। गजल ।।

समय गतिशील हुन् पर्खने रेल होइन ।
स्वतन्त्र बाच्नुपर्छ जिन्दगी जेल होइन ।।
बाच्नलाई यहाँ मुटुलाई मुटु चाहिन्छ ।
स्वार्थी नयन र नयन बिच मेल होइन ।।
रंग स्वादको तुलनामा तेल जिते पनि ।
पानी चाहिन्छ नै तिर्खामा तेल होइन ।।
सबैले भन्छन् मलाई प्रेममा हारेको रे ।
हास्दै म भन्छु प्रेम खेल्ने खेल होइन ।।



**लेखक:- रामरुद्राक्ष मण्डल**
**ठेगाना:- लक्ष्मीनियाँ गा. पा.-१,सिनुरजोडा, धनुषा, नेपाल ।**

## "मलाई अपनाएर हुर्नु"

म जस्तै तिमी पनि माया सलकाएर हुर्नु
आफ्नो मुटुमा मलाई सजाएर हुर्नु
बिर्सेर यो सपनाको संसार मेरो प्रेमको सागरमा डुबेर हेर्नू । एक पटक मलाई अपनाएर हुर्नु ।
यो बिरानो मान्छेलाई मुटुमा सजाएर हुर्नु ।
म जस्तै मलाई अपनाएर हुर्नु ।
आफ्नो मुटु संग लगाएर हुर्नु । ।
एक पटक यो बिरानो लाई आफ्नो थानेर हेर्नू ।
जिवनको हरेक मोड , हरेक भिड मा मलाई अंगालेर हुर्नु ।मलाई एक पटक अपनाएर हेर्नू ।।
फुल जस्तै फुलेर हेर्नू ।
सुर्य भै उगेर हेर्नू ।
हावा भै मेरो स्वासमा मिसिएर हेर्नू ।
एक पटक मलाई अपनाएर हुर्नु।
आफ्नो मुटु संग लगाएर हुर्नु ।
आफ्नो मुटु लाई मेरो नामले धडकिन दिनु ।
जिवन भरी साथ हिडने साथी भएर सगै हिडन दिनु
पाइला-पाइला मा साथ पाउने छौ । हरेक दुःख मा मेरो हाथ पाउनेछौ ।
एक पटक मलाई अपनाएर हुर्नु ।
आफ्नो मुटु संग लगाएर हेर्नू ।



**लेखक : गौतम कुमार मण्डल ( धानुक)**
**ठेगाना : हंसपुर न.पा.५ टोल मोरहा -रुढौली**

## ।। माई ।।

हरदम हसैत रहै हय ।
हमरा दुलारैत रहै हय।
केनाके बयान करु हम ओकर
केना बयान करु ओकर ममताके।
कि, कहुँ ?
कुनो सिमा नै हय, हमर मायक दुलारमे
मायक दुलारी आ बाबुके प्यारी हम।
जखैन हमर माई हसैत रहै हय
तखैन बुझाइत रहै हय
हमरा अँगनामे चान उइग गेलै।
मायक ममतामे चानद के शितलता
आ बापक दुलारमे सुरुजके उर्जा
एहसास करैत रहली हम।
हरेक डेगे-डेगमे मायक आशिर्वाद
आ बाबुके साथ महशुस करैत रहली हम ।।
हमर जलम आ पालनपोषणमे
कहियो कमि कमजोरी नै भेल हमरा।
हमरा मालुम हय तोहर माया आ ममतामे
कतेक शक्ति हय से।।
जाबेतक जिबौ तोहर ठोरक मुस्कान
आ तोहर दुलारक बयान
हरदम,हरपल आ
हरघरी सेहार करैत रहबौ
माई ..........धन्यवाद .......



**लेखक: पुजा कुशवाहा**
**ठेगाना : बर्दिबास, महोत्तरी**

## ।। यात्रा ।।

हजारौं मानिसको सपना सजाउ छ।
टाढा भए को मानिस लाई नजिक बनाऊ छ।
को आफ्नो को पराई भनेर देखाउ छ।
हजारौं दुःख सँग लडन सिकाऊ छ।
के दुःख के सुख भनेर महसुस गराउँछ।
आमाबुवाको सुखको लागि मेहनत गर्न सिकाउछ।
मनको पिडामा हाँसेर बाँच्न सिकाउँछ।
नयाँ नयाँ कुरा को आनुभव गर्न सिकाउँछ।
सफल भए मा नयाँ कुरा को आगमन गराउँछ ।
र असफल भएमा अनेक कुराको सिक सिकाउँछ।
मनमा दया र सहयोगी भवना जगाउँछ।
असल व्यवहार र जिम्मेवार मानिस बनाउँछ ।
मनको पाप हटाइ सफा मन बनाउँछ।
अनेको समस्या को हालको खोजी गर्न सिकाउँछ। यसले जीवन काट्न हैन जीवन जीउन सिकाउँछ।



**लेखक : रोहन भुजेल**
**जनकपुर ४**
**(रा.रा.ब.)बि एड फर्स्ट ऐयर २०८०**

## ।। मुक्तक ।।

दिनभरि खेतबारी खन्थ्यो, दस बर्षको हुँदा
फेरि रातभरि पढिरहन्थ्यो, दस बर्षको हुँदा
आँसु झार्दै खाडी प्रस्थान, गरिरहेको मान्छे
अस्तिसम्म डाक्टर बन्छु भन्थ्यो, दस बर्सको हुँदा ।

**लेखक: कमल कुमार साह**
**ठेगाना: गौशाला, महोत्तरी**

## ।। मलाई, मेरै माटोमा मिल्न मन छ ।।

सुन न् !
ए, मेरा आफन्तहरु ।
मलाई, मेरै माटोमा मिल्न मन छ ।
मलाई आफ्नै बारीमा,
तोरीको फूल बनी फुल्न मन छ ।
आफ्नै खेतमा,
धानको बाला बनी झुल्न मन छ ।
म चाहँदिन,
मेरो मृत्यु पश्चात्,
मेरो मृतदेहलाई,
अरु कसैको माटोमा मिल्नु परोस्
म चाहँदिन,
मेरो मृत शरीरलाई
अरु कसैले अन्तिम बिदाई गरोस्
किनभने,
मलाई मेरै मातृभूमि,
मलाई मेरै देश,
मलाई मेरै राष्ट्र प्यारो लाग्छ ।
म मेरो ई "पंचतात्विक" शरीरलाई
त्यागेर गएपनी
आफ्नै वसन्तको हावा बनी उड्न मन छ ।
आफ्नै हिँउदको झरी बनी झर्न मन छ।
आफ्नै तराईको गर्मी बनी जल्न मन छ ।
आफ्नै पहाडको पहिरो बनी ढल्न मन छ ।
आफ्नै नेपालको आकाश बनी,
आफ्नै देसलाई नियाल्न मन छ ।
मलाई मनपर्छ,
मेरै "छठ"मा धोती,कुर्ता लगाएर
शिरमा माताको "अर्घ" लिई
जलासयको किनारसम्म,
गीत गाउँदै गएको ।
मलाई मनपर्छ,
मेरै "तिहारमा" देउसी-भैलो खेल्दै
गाउँदै,रमाउदै,नाच्दै टीका लगाएको ।
जहाँ सीता,बुद्ध अनि जनक जस्ता ज्ञानी विद्वानहरु
अनि पृथ्वीनारायण जस्ता राष्ट्रनायक
र कैयौं राष्ट्रिय विभूतिहरु जन्मेका थिए ।
अहिले पनि यिनलाई जुन माटोमा,
अझै आभास गर्न पाइन्छ ।
मलाई,त्यही माटोमा मिल्न मन छ ।
मेरै गाउँमा
चारैतिर "सीताराम"को धुन गुन्जिनछ ।
बुद्धको वाणी,मेलमिलाप अनि प्रेम-सद्भाव
सबैमा छर्लङ्ग देख्न र महसुस गर्न पाइन्छ ।
हो"म त्यही माटोमा मिल्न चाहन्छु ।
म भन्न सक्दिन,
मेरो माटो मलाई कति प्यारो लाग्छ,
म भन्न सक्दिन,
मेरो देश मलाई कति प्यारो लाग्छ,
म बयान गर्न सक्दिन मेरो मातृभूमिको,
तर म भन्न सक्छु,
"हृदयमा मिथिला,हृदयमा मधेस,हृदयमा पहाड,हिमाल छ ।
चिरेर हेर,भलै छाती मेरो,कण-कणमा नेपाल छ ।
जय नेपाल !



**लेखक: मोहन महतो कोइरी**
**ठेगाना: रामनगर गौशाला, महोत्तरी**

## ।। मेरि प्रिय (माया) ।।

एक्लै परेको जिन्दगीमा तिमी आश बनेर आयौं ।
मरेको यो जिउमा तिमी सास बनेर आयौं ।
सोचेको थिएन म पनि कहिले माया गर्छु , रा
यो एक्लै परेको संसारमा तिमी कुनै खास बनेर आयौं ।
मैले बिर्सन नसक्ने त्यो रात छौ तिमी ।
गफ गरेर थकिन त्यो बात छौ तिमी ।
भिडमा एक्लै भएको बेला आफ्नोपन महसुश गराउने त्यो साथ छौ तिमी ।
बिताएको छु धेरै राम्रा पल अरुको साथमा कहिले बिर्सन नसक्ने त्यो याद छौ तिमी ।
जति बेला नै तिम्रो याद आउने गर्दछ ।
तिम्रो सम्झनाले सताउने गर्दछ ।
कहिले काहीं लाग्छ समाप्त गर्दै यो जीवनलाई ।
तर तिम्रो साथले मलाई बचाउने गर्दछ्न ।
तिम्रो साथ बिना यो जीवन आधा छ ।
कहिले साथ न छोड्नु माया।
जस्तै श्री कृष्ण संग राधा छ।
धेरै साथी आउँछ मेरो जिवनमा ।
तर तिम्रो लागि मेरो मुटुको पाना सादा छ।
त्यो औशि परेको रात छौ तिमी ।
बिर्सन न सक्ने बात छौ तिमि ।
मलाई आफ्नोपन महसुस गराउने साथ छौ तिमी ।
जिवनमा बिताएका राम्रा पलहरुको याद छौ तिमी ।



**लेखक : अंकित पाठक**
**शहिदनगर न.पा -०१ टोल बेमरखि**

## 'आमाको तस्बिर'

साँच्चीकै बारम्बार त्यही तस्बिरलाई म
फर्की फर्की हेरी रहन्छु
सधैं टाँसिएर त्यसलाई छाती भरी म
निदाएर कोल्टो फेरि रहन्छु ।।
यी आँखाहरूले हजुरकै सुन्दर सपना
अझै सिँगार्न थालेको छ
त्यो बालपन पनि हजुरकै यादहरु सित
आज जवानी छोइसकेको छ
आमाको तस्बिर ।।
हजारौं अनुहारहरू संग , संसारमा प्रतीत म
तर हजुरलाई हेरेर , जीवन बाँच्न बानी परेछ
यो तस्बिर आमाको, सौम्यता मात्रै कहाँ बोलदैछ र
त्यसमा अटुट प्रेमकथा दबिएर बसेको छ
आमाको तस्बिर ।।
जीवनको रणभूमिमा , एक्लै जुध्दै योधा म भए
हजुरको अपार महिमा ममताले , अनेकौं इतिहासहरु थप्न सके
पात्र जसले ' बिदा पाउँ ' भने शब्दका साथ
बाल्पन मै बिदा लिएर गए ।।
आमा ! अर्को जुनी सम्म भएपनि म आउनेछु
साथमा ' प्रेमको चिनो ' लिएर
आमाको तस्बिर ।।



**लेखक : नरेन्द्र नाथ साह ( रिशू )**
**ठेगाना : औरही गा. पा. - ०३ कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर (वाणिज्य संकाई विद्यार्थी)**

## ।। सधैं भरि तिम्रो साथ ।।

हुन्छु म त तिम्रै आस पास सधैं भरि
जे गरे नि तिमि मेरो खास सधैं भरि।
तिमि छौ र त प्रिय म छु यो दुनियाँमा
तिमी बिना मेरो हुन्छ लास सधैं भरि।
तिम्रो साथ दिने सपना छ सदा सदा
तिमी नै हुनेछौ मेरो आश सधैं भरि।
कल्पनामै डुबेको छु लिदैं तिम्रो याद
टाढा तिमी साथको आभास सधैं भरि।
तिमि नै संसार मेरो तिमि मेरो घर
हुन्छ त्यै दिलमा मेरो बास सधैं भरी।



**राजन दास**
**श्री जनता नमुना प्रा. मा. विद्यालय गिधा बेलापट्टि**
**( प्राविधिक विद्यार्थी , भेटेरिनरी )**
**( कक्षा ११ अध्यनरत )**

## ।। पानी को महत्व ।।

पानीको लहरहरू मन छौं बहारी,
नदीको किनारा, खेल्दै खेली खुदाइ।
हरेक बूँदले कथा गर्दछ, रहस्य जताइ,
पानीको गोदमा, जीवनको रहर साथ।
पानी हो सृष्टिको आधार,
प्राणहरूलाई जिवनको साथी पार।
हरेक बूँदले सम्झाउँछ, प्रेमको कहानी,
पानीको धारा, हाम्रो मैत्री निभाउनी।
तराइ, खोला, ताल र झील,
पानीको माया, हाम्रो मनमा बसे स्थान।
खुशी र दुःखको भिन्न आवाज,
पानीमा समेटिएको, हाम्रो प्यारको आधार।
जल हो सृष्टिको शक्ति अमूल्य,
संरक्षण गरौं, बचाउँछ प्रकृति समृद्ध।
पानीको अद्भुतता, हाम्रो आशा र सपना,
नेपालको विकासमा पानी हो महत्वको काम।



**लेखक : बब्लु शर्मा**
**ज. उ. न. पा.७**

जीवनको चित्रमा, आशाको प्रकाश,
अज्ञातताका हातहरूमा, सुन्दर ध्वनि।
अति कालो रातमा पनि प्रकाशित हुन्छ,
सपनाहरूको गढीमा, चम्किन्छ स्वप्नहरूको मार्मिक समय।
निराशामा, यस्तै एक राह हुन्छ,
दिनका प्रकाशमा आकाशलाई रँगिन्छ।
त्यो अस्तित्वमा गाउँछ, जसले साहस गर्नुहुन्छ,
अप्रत्याशाको बाहुल्यमा अतुल्य सपनाहरूमा विश्वास गर्नुहुन्छ।
जबकि बादलहरू चराहरूमा अधिकार गर्छन् र दुःखहरू जारी रहन्छ,
आशालाई परिचित गराउँछ, दिनको प्रकाशमा रँगिन्छ
स्वप्नहरूको गढीमा नाच्छ।
किनकि तत्वमा, उपचार गर्ने शक्ति छ,
टुटेर गएका आत्माहरू नरम गर्ने र सपनाहरू प्रकट गर्ने।
यसका कारण आशाको साहसपूर्ण अनुभूति हो,
हामी जीवनको अंत्य गुम्बोजमा साथ लिएर अगाडि बढ्नेछौ।
किनकि अन्त्यमा, यात्रा भिन्न हुन सक्छ,
आशाको शाश्वत उज्ज्वल आगो हामी लिनेछौ।

**लेखक - रश्मी दनुवार**

# श्रमजीवी पत्रकारको हित प्रवर्द्धन गर्न प्रयासरत छौं : सञ्चारमन्त्री

**काठमाण्डु** । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मिडियाको सबलीकरण र श्रमजीवी पत्रकारको हित प्रवर्द्धनलाई सँगसँगै अघि बढाउन सरकार प्रयासरत रहेको बताउनुभएको छ । नेपाल पत्रकार महासङ्घको २७औँ महाधिवेशनलाई शुक्रबार सम्बोधन गर्दै मन्त्री शर्माले विगत ६ वर्षदेखि बढ्न नसकेको श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धिको प्रस्ताव मन्त्रिपरिषद्को समितिमा छलफलका क्रममा रहेको बताउनुभयो ।



"छलफलका क्रममा रहेका तथा सरकारले अघि बढाएका प्रस्तावित कानुन र निर्णयले पूर्णता पाउँदा नेपालको आम सञ्चार क्षेत्रमा पुनःसंरचना हुने र नेपाली पत्रकारिता क्षेत्रले परिवर्तनको अनुभूति गर्नसक्ने छ भन्ने सरकारको विश्वास छ", मन्त्री शर्मालेभन्नुभयो।योमहाधिवेशनबाट पुरानो कार्यकालको समीक्षा गर्दै आगामी कार्यकालका लागि दिशानिर्देश गर्ने गरी ठोस नीतिगत निर्णय हुनेछन् भन्ने अपेक्षासमेत गरेको उहाँले उल्लेख गर्नुभयो ।

"यो महाधिवेशनबाट पारित हुने नीति र निर्णयले नेपालको आम सञ्चार क्षेत्रलाई थप व्यवस्थित गर्दै पत्रकारहरुको भौतिक तथा पेसागत सुरक्षा र स्थायित्वका लागि मार्गदर्शन गर्नेछ," उहाँले भन्नुभयो । त्यसबाट सरकारलाई समेत आम सञ्चार क्षेत्रसँग सम्बन्धित नीतिगत, कानुनी र संरचनागत विकासमा पहल अघि बढाउन पृष्ठपोषण प्राप्त हुने उहाँले अपेक्षा गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घले पत्रकारिताको विकास, पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकारका लागि अनवरत भूमिका निर्वाह गर्दै आएको मन्त्री शर्माको भनाइ थियो । "खासगरी नागरि कस्तरबाट संस्थागतरुपमा पहिलोपटक गणतन्त्रको एजेण्डा पारित गरेर देशलाई अग्रगामी राजनीतिक निकासको बाटो देखाउन यो संस्थाले निर्वाह गरेको भूमिका नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ, राजनीतिक अधिकारबिना प्रेस स्वतन्त्रता सम्भव नहुने र प्रेस स्वतन्त्रताबिनाको राजनीतिक अधिकार अपूर्ण हुने भएकाले राजनीति र पत्रकारिता सँगसँगै अघि बढेको हाम्रो इतिहास छ", मन्त्री शर्माले भन्नुभयो ।

राजनीतिक अधिकार र प्रेस स्वतन्त्रताको अधिकार सँगसँगै अघि बढ्ने भएकाले हिजोका ठूलाठूला राजनीतिक परिवर्तनका सङ्घर्षमा नेपालको पत्रकारिता क्षेत्रले परिवर्तनको महत्वपूर्ण हिस्साको रुपमा भूमिका निर्वाह गर्दै आएको उहाँले बताउनुभयो ।

> सरकारी स्वामित्वका सञ्चारमाध्यमलाई थप स्वायत्त र प्रभावकारी बनाउने उद्देश्यले अघि बढाइएको सार्वजनिक मिडियासम्बन्धी विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको मन्त्री शर्माले बताउनुभयो ।

अब पनि राजनीतिक तथा प्रेस स्वतन्त्रताको अधिकारलाई थप स्थापित गर्दै बदलिएको व्यवस्थाअनुकूल जनताको अवस्था बदल्न राजनीति र पत्रकारिता एउटै मिसनमा अघि बढ्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रस्तावनामै राखिएको पूर्ण प्रेस स्वतन्त्रताको व्यवहारिक कार्यान्वयनले मात्रै अब नेपाली पत्रकारहरुको अधिकार सुनिश्चित भएको मानिने मन्त्री शर्माको भनाइ थियो । प्रेस स्वतन्त्रतालाई थप सुनिश्चित गर्ने गरी विगत एक वर्षदेखि सञ्चारसँग सम्बिन्धित कानुन निर्माण तथा पुनरावलोकनको काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

सञ्चारसम्बद्ध संस्था तथा यस क्षेत्रका विज्ञहरुको प्रत्यक्ष संलग्नता र राय सुझावका आधारमा कानुनको मस्यौदा गर्ने, त्यसमाथि सरोकारवाला र आम नागरिकको रायसुझावसमेत लिएर पारदर्शी र लोकतान्त्रिक विधिबाट कानुन निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकता दिएको मन्त्री शर्माले बताउनुभयो । "यहीअनुसार आम सञ्चार क्षेत्रको स्वनियमन प्रवर्द्धनमा केन्द्रित रहेर तयार गरिएको मिडिया काउन्सिल विधेयक भर्खरै सङ्घीय संसद्मा दर्ता भएको छ भने आम सञ्चार विधेयक चाँडै मन्त्रिपरिषद्मा पेस हुने प्रक्रियामा छ", उहाँले भन्नुभयो ।

त्यस्तै सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी विधेयक पनि चाँडै मन्त्रिपरिषद्मा पेस हुने तयारीमा रहेको मन्त्री शर्माले बताउनुभयो । "छाता कानुनको रुपमा आम सञ्चार ऐन बनेपछि सरकारको तर्फबाट आम सञ्चारको व्यवस्थापन र सहजीकरणका लागि छाता निकायको रुपमा आम सञ्चार प्राधिकरण बनाएर मिडियाको प्रवर्द्धन, श्रमजीवी पत्रकारको पेसागत अधिकारको संरक्षण र लोककल्याणकारी कोष सञ्चालनलगायतका काम एउटै निकायबाट अघि बढाउने सरकारको सोच रहेको छ", उहाँले भन्नुभयो । सरकारी स्वामित्वका सञ्चारमाध्यमलाई थप स्वायत्त र प्रभावकारी बनाउने उद्देश्यले अघि बढाइएको सार्वजनिक मिडियासम्बन्धी विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको मन्त्री शर्माले बताउनुभयो । "अहिले कानुन निर्माणका क्रममा राष्ट्रिय आम सञ्चार नीति, २०७३लाई मार्गदर्शन मानेर अघि बढिरहेका छौँ । सूचना प्रविधिमा आएको बदलावसँगै आम सञ्चार क्षेत्रमा पनि नयाँ सम्भावना र चुनौतीहरु थपिएकाले यसलाई सामना गर्ने गरी नयाँ आम सञ्चार नीतिको पनि तर्जुमा गर्नुपर्छ कि भन्ने लागेको छ", उहाँले भन्नुभयो । त्यसमा पत्रकारिता क्षेत्रको आवश्यक सल्लाह सुझावको उहाँले अपेक्षा गर्नुभयो ।

नीति कानुन निर्माणलगायत समग्र पत्रकारिता क्षेत्रको विकासका लागि हुने गतिविधिमा नेपाल पत्रकार महासङ्घसँग निरन्तर सहकार्य गरिरहेको मन्त्री शर्माको भनाइ थियो ।

वर्तमान विश्वव्यापी आर्थिक सङ्कुचन तथा गलत र भ्रमपूर्ण सूचना सम्प्रेषणका कारण आज सम्पूर्ण क्षेत्रजस्तै पत्रकारिता क्षेत्र पनि आक्रान्त रहेको उल्लेख गर्दै मन्त्री शर्माले भन्नुभयो- "आर्थिक सङ्कुचनका कारण विज्ञापनका स्रोतहरु कमजोर हुँदा सञ्चारमाध्यम सञ्चालनमा कठिनाइ आइरहेको छ, त्यसको प्रत्यक्ष असर मिडिया सञ्चालक र श्रमजीवी पत्रकार दुवैलाई परेको छ, यसलाई सहजीकरण गर्दै मिडियाको सवलीकरण र पत्रकारको भौतिक तथा पेसागत सुरक्षा गर्न सरकार संवेदनशील छ ।"

मिडियालाई राष्ट्रिय उद्योगको रुपमा स्थापित गर्ने र विज्ञापन बजारलाई पारदर्शी बनाउनेलगायतका क्षेत्रमा छलफल गर्दै आएको उहाँले बताउनुभयो । रासस

# कसैको दबाब र स्वार्थपूर्ति हुनेगरी करका दर हेरफेर हुँदैनन्: अर्थमन्त्री पुन



**काठमाण्डु** । अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ बजेटमार्फत् आवश्यकता र औचित्यका आधारमा करका दर हेरफेर गरिने बताउनुभएको छ । अर्थमन्त्री पुनले करका दर हेरफर गर्नुपरे कसैको दबाब र स्वार्थपूर्ति नहुने गरी विवादरहित ढङ्गले हेरफेर गरिनेसमेत बताउनुभयो ।

शुक्रबार अर्थमन्त्रालयमा आयोजित युवा उद्यमी तथा सूचना प्रविधि क्षेत्रका विज्ञसँगको पूर्वबजेट छलफलका क्रममा अर्थमन्त्री पुनले करका दर हेरफेरमा कसैको दबाब वा स्वार्थपूर्ति हुने गरी काम नगर्ने प्रतिबद्धता जनाउनुभयो । राजस्वका दरहरु हेरफेर गर्दा सरोकारवालाहरुसँग परामर्श गरी आएका सुझावका आधारमा निर्णयमा पुगिने उहाँको भनाइ थियो ।

"विगतमा करका दर घटाउने, बढाउने, विस्तार गर्ने, छुट दिने वा जे गर्दा पनि अर्थमन्त्री वा अर्थ मन्त्रालयलाई विवादमा पार्ने गरिएको छ", मन्त्री पुनले भन्नुभयो, "मन्त्रीको व्यक्तिगत इच्छामा वा निकटताका अधारमा कसैलाई प्रोत्साहन गर्न र कसैलाई कमजोर बनाउन करका दरमा हेरफेर हुँदैन ।

यो हाम्रो प्रतिबद्धता हो ।" करका दर संशोधन गर्दा पहिले कति थियो र आर्थिक ऐनमार्फत् किन बढाइयो वा घटाइयो भनेर तर्कपूर्ण कारण देखाएरमात्र हेरफेर गरिने उहाँको स्पष्टोक्ति थियो ।

त्यस्तै, मुलुकको भू-अवस्थिति, प्राकृतिक श्रोत र जनशक्तिका आधारमाविकासकायोजनाबनाउने सरकारको नीति रहेको अर्थमन्त्री पुनले बताउनुभयो । सरकारको नीति र नीतिगत निरन्तरताका कारण पर्यटन, ऊर्जा र सिमेन्ट उद्योगमा नेपालमा पछिल्लो डेढ दशकमा राम्रो प्रगति भएको उल्लेख गर्दै अर्थमन्त्री पुनले युवा वर्गलाई लक्षित गरी सरकारले आगामी दिनमा सूचना प्रविधि क्षेत्र, स्टार्टअप र नवप्रवर्तनलाई प्राथमिकतामा राख्नेसमेत बताउनुभयो ।

पछिल्लो तीन दशकमा नेपालको सरदर आर्थिक वृद्धिदर चार दशमलव २३ प्रतिशतमात्र रहेको भन्दै उहाँले न्यून आर्थिक वृद्धिदर हासिल हुनुका कारण सबै मिलेर खोज्नुपर्ने बताउनुभयो । तेस्रो लगानी सम्मेलनको पूर्वसन्ध्यामा सरकारले ल्याएको अध्यादेशमा नेपालमा लगानी गरेर आर्जन गरेको प्रतिफल बाहिर लैजान र बाहिर आर्जन गरेको प्रतिफल नेपाल ल्याउन दिने व्यवस्था गरिएको अर्थमन्त्री पुनको भनाइ छ ।

आगामी आर्थिक वर्षको बजोटमाथि सुझाव लिन मन्त्रालयले यसअघि पूर्वअर्थमन्त्रीहरू, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, पूर्वअर्थसचिव, पूर्वधार, स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञसँग छलफल गरिसकेको छ । मन्त्रालयले निजी क्षेत्रका छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, चेम्बर अफ कमर्स र महिला उद्यमीसँग पनि छिट्टै छलफल गर्ने तय भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।रासस

# एमालेलाई निर्णायक शक्तिमा पुर्याइनेछ : ओली

**टुडे समाचारदाता**

नवलपरासी । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले एमालेलाई निर्णायक शक्तिमा पुरयाईने दावी गरेका छन् । एमाले पश्चिम नवलपरासीको नवौं जिल्ला अधिवेशनको शुक्रवार उद्घाटन सत्रमा एमालेलाई राष्ट्रिय एवम् निर्णायक शक्तिको रुपमा स्थापित गराउन आवश्यक कदम चालिने बताए ।

उनले भने "मिसन ८४ मार्फत् पार्टीलाई निर्णायक शक्तिमा पुर्याइने छ । यसका लागि पार्टीलाई बलियो बनाउनुपर्छ । " यसैबीच अध्यक्ष ओलीले शुक्रबार पश्चिम नवलपरासीको सुस्ता जोड्ने निर्माणाधीन झोलुङ्गे पुलको अवलोकन गरेका छन् । सो क्रममा अध्यक्ष ओलीले त्रिवेणीस्थित गजेन्द्रमोक्ष धामसमेतको अवलोकन गरेका हुन् ।

अध्यक्ष ओलीले शुक्रबारनै सुस्ता क्षेत्रसमेतको निरीक्षण गरेका थिए ।

निरिक्षण गर्दै उनले सीमा रक्षाको आवाज उठाउँदा आफू तत्कालीन शासकबाट जेलसमेत परेको स्मरण गरेका थिए । "तत्कालीन शासकले सीमा रक्षा, स्वाधिनताको रक्षा गर्नुपर्छ भनेर आवाज उठाउँदा अनाहकमा मलाई जेल हाल्यो । तर हामिले अहिलेसम्म पनि यो आवाज उठाउँदै आईरहका छौ," उनले भने । अध्यक्ष ओलीले रामग्राम स्तुपाको निरीक्षणसमेत गरेका थिए ।

# 'ज्येष्ठ नागरिकलाई वृद्धाश्रम हैन दिवा सेवा केन्द्र आवश्यक'

काठमाण्डु । ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्रको संख्या बढाउनुपर्नेमा सांसदहरुले जोड दिनुभएको छ । प्रतिनिधिसभा सदस्यहरुले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई दिवा सेवा केन्द्रको संख्या थप गर्ने विषयमा ध्यानार्कषण गराएको हो ।

महिला तथा सामाजिक मामिला समितिको शुक्रबार बसेको बैठकमा समितिका सदस्यहरुले स्थानीय तहले आफ्नै तरिकाले स्थापना र सञ्चालन गर्दै आएको दिवा सेवा केन्द्रहरुको अभिभावकत्व ग्रहण गर्नुपर्ने सुझाव दिनुभयो । "आश्रम केही अवस्थामा रोजाइ र बाध्यता दुवै देखिन्छ । आश्रमलाई हैन दिवा सेवालाई बढि प्राथमिकता दिनुपर्छ", समिति सदस्य शान्ति श्रेष्ठले भन्नुभयो, "धेरै स्थानीय तहमा दिवा सेवा केन्द्र छैनन् । स्थानीय तहसँगै सङ्घीय सरकारले अभिभावकत्व ग्रहण गर्नुपर्छ ।"

बैठकमा अर्का सदस्य लक्ष्मी तिवारीले आश्रम तथा दिवा सेवा केन्द्रको निर्माणमा जोड दिनुहुँदै ज्येष्ठ नागरिकको भत्ता नवीकरणमा देखिएको समस्या सहजीकरण गर्न मन्त्रालयलाई सुझाव दिनुभयो । "ज्येष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्र स्थापनाले ज्येष्ठ नागरिकलाई सामाजिक र मानसिकरुपमा स्वस्थ रहन मद्दत गर्छ, यसमा सङ्घीय सरकारको सहयोग बढाउनुपर्छ", उहाँले भन्नुभयो, "अहिले वृद्धभत्ताको नवीकरण गराउन बाँकी ज्येष्ठ नागरिकको निश्चित रकम बैंकले लिने गरेको छ, यसतर्फ सचेत हुनुपर्छ ।"

बैठकमा समिति सदस्यले धेरै ज्येष्ठ नागरिकले राज्यबाट प्राप्त गर्ने सुविधा र व्यवस्थाबारे अनभिज्ञ रहेकोले मन्त्रालयको भूमिका विस्तार गर्न सुझाव दिनुभयो । उहाँहरुले ज्येष्ठ नागरिकको सम्मान र स्याहारको सिकाइ विद्यालयको पाठ्यक्रममा राख्नसमेत सुझाव दिनुभयो । ज्येष्ठ नागरिकको अन्तर पुस्ता सीप हस्तान्तरण र अन्तरपुस्ता अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने सदस्यहरुको जोड छ । बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलले आगामी आर्थिक वर्षको बजेटमा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम एवं योजना बनाउन नीतिगत काम गर्ने बताउनुभयो ।

"ज्येष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्र स्थानीय तहअन्तर्गत सञ्चालन हुँदै आएका छन् । मन्त्रालयको आफ्नै संयन्त्र छैन", सहसचिव पौडेलले भन्नुभयो, "आगामी आवको बजेटको तयारी सुरु भइसकेकाले नीतिगत व्यवस्था गर्न मन्त्रालयले तयारी गर्नेछ ।"सङ्घीय सरकारले विभिन्न स्थानीय तहमा दुई सय २५ वटा दिवा सेवा केन्द्र स्थापना गर्न सहयोग गरेको छ । मन्त्रालयको तथ्याङ्कअनुसार सात प्रदेशमा एक सय आठ वटा वृद्धाश्रम सञ्चालनमा छन् । आश्रितको सङ्ख्या एक हजार एक सय रहेका छन ।

उहाँले एकीकृत सामाजिक सुरक्षा कोषको अवधारणामा जानुपर्ने राय प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिकमा पनि विशेष अवस्थाका ज्येष्ठ नागरिकको अवस्था कहाली लाग्दो छ । यसका लागि तत्काल केही गर्न आवश्यक छ । सामाजिक सुरक्षा भत्ता मात्र समाधान हैन भन्ने कुरा बुझाउन ग्राहो छ ।" बैठकमा ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान कानुन, राज्यकातर्फबाट भएका व्यवस्था, बूढ्यौली जनसंख्या तथा वृद्धाश्रम/ज्येष्ठ नागरिक मिलन केन्द्रको वर्तमान अवस्थाका सम्बन्धमा छलफल भएको थियो ।

देशमा ज्येष्ठ नागरिकको जनसंख्या २९ लाख ७७ हजार तीन सय १८ रहेको छ । जुन कूल जनसंख्याको १० प्रतिशत हो । त्यसमा पनि ६० देखि ७४ वर्ष उमेर समूहका सबैभन्दा धेरै आठ प्रतिशत छ । ७५ देखि ८४ वर्षसम्म एक दशमलव आठ प्रतिशत र ८५ वर्ष उमेरमाथिका शून्य दशमलव पाँच प्रतिशत छ । रासस

# संघीय मामिलाका काम ओझेल परेः मन्त्री जोशी



**काठमाण्डु** । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले सामान्य प्रशासनको तुलनामा सङ्घीय मामिलाका काम ओझेलमा परिरहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा राज्यव्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा उहाँले मन्त्रालयको मुख्य जिम्मेवारी सङ्घीय मामिला र कर्मचारी व्यवस्थापन रहेकामा सङ्घीय मामिलाको काम ओझेलमा परेको महसुस भएको बताउनुभयो । मन्त्री जोशीले भन्नुभयो,"मन्त्रालयले केन्द्रीय, प्रदेश र स्थानीय सरकारबीच सुशासनको व्यवस्थापन गर्नुपर्छ तर त्यहाँ कानुनको अभावमा अहिले समन्वयको चुनौति छ । त्यसैले प्रदेश र स्थानीय सरकारका कामकारवाहीलाई प्रभावकारी र व्यवस्थित गर्न अप्ठ्यारो महसुस भइरहेको छ ।"

उहाँले अहिले धेरैजसो समय सङ्घीयताभन्दा सामान्य प्रशासनका लागि खर्च गर्न परिरहेको र मन्त्रालयको पूँजीगत खर्च अत्यन्त न्यून रहेकोबारे पनि बैठकलाई जानकारी गराउनुभयो ।

मन्त्रालय मातहत तराई-मधेश समृद्धि कार्यक्रम र नवप्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेका भए पनि ती कार्यक्रमका लागि विनियोजित बजेट हालसम्म निकासा नभएको सो अवसरमा जानकारी दिइयो । मन्त्री जोशीले बजेट निकासी व्यवस्थापनमा समितिबाट सहयोगको अपेक्षा रहेको बताउनुभयो । नेपाल सरकारका केन्द्रीय कार्यालय, प्रदेश कार्यालय सचिव र पालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरुवा र पदस्थापनको जिम्मेवारी मन्त्रालयले गर्दैआएको छ ।

त्यस्तै, सुशासनप्रवर्द्धन र भ्रष्टाचार न्यूनिकरणका क्षेत्रमा देखिएका समस्या, कमजोरी र असन्तुष्टि अन्त्य गर्न सबै पक्ष मिलेर काम गर्नुपर्ने आवश्यकतासमेत मन्त्री जोशीले औँल्याउनुभयो । "केन्द्रीय सरकारले नीति, विधि र मापदण्ड बनाउने हो, जनतालाई सेवादिने भनेको पालिका र प्रदेश सरकारले हो । त्यसर्थ पालिकाको अवस्थालाई सुधार्न सबै मिलेर गम्भीरढङ्गले काम गर्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो । देशभरमा सुशासन कायम गर्न र कर्मचारी प्रशासनमा देखिएका समस्या सम्बोधनका लागि सङ्घीय निजामती सेवा ऐनसम्बन्धी विधेयकलाई यथाशीघ्र निष्कर्षमा पुऱ्याउन आवश्यक रहेको पनि उहाँको भनाइ थियो ।

यसअघि बैठकमा सदस्यहरूले सङ्घीयता कार्यान्वयनसँग जोडिएको निजामतीलगायतका चार महत्वपूर्ण विधेयकको छिनोफानो गर्न अब विलम्ब गर्न नहुने सुझाव दिनुभयो । समिति सदस्य हृदयराम थानीले समितिले चाल्ने कदम सुझबुझपूर्ण र परिपक्क हुनपर्ने तथा औचित्यपुष्टि हुने काममात्र गर्न सुझाव दिनुभयो ।

बैठकमा सभापति रामहरि खतिवडाले कतिपय विधेयकलाईनिष्कर्षमापुऱ्याउनुअघि राजनीतिक सहमतिको खाँचो औँल्याउनुभयो।संवैधानिकपरिषद्, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र निर्माणसामाग्री सम्बन्धी विधेयकबारे राजनीतिक दलका प्रमुख सचेतक, विषयविज्ञसँगको परामर्शपछि अघि बढाइने उहाँले जानकारी दिनुभयो ।रासस


## शहीदनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### यदुकूहा, धनुषा

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/२१

यस न.पा. अन्तर्गत पर्ने श्री जनता माध्यमिक विद्यालय कुम्भकरणको शिक्षक छनौट समितिको मिति २०८१/०१/१८ गतेको निर्णयानुसार यस विद्यालयमा शिक्षण सिकाइ अनुदान कोटामा रिक्त रहेको मा.वि. स्तरको स्वीकृत दरबन्दी-१ (एक) मा करार सेवामा शिक्षक नियुक्ती गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक उम्मेदवारले आफू सँग रहेको शैक्षिक योग्यता, अध्यापन अनुमती पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति तथा तपसिलमा उल्लेखित परिक्षा दस्तुर वापतको रकम यस विद्यालयको नेपाल बैंक लिमिटेड, सबैला शाखामा स्थित चल्ति हिसाव नं. ००८००१००४६४३९२००००१ मा जम्मा गरेको भौचर संलग्न गरी सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस विद्यालयमा आवेदन फारम पेश गर्नुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**

१. **विज्ञापन नं. ५/०८०/०८१**
२. **पद संख्या** - १( मा.वि. शिक्षक) **२.१. विषय**:- गणित
३. **सेवा** - अस्थायी (करार)
४. **तलब स्केल** - नेपाल सरकारको प्रचलित स्केल अनुसार ।
५. **उमेरको हद** - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६. **नागरिक** - नेपाली नागरिकताको प्रमाणपत्र ।
७. **परिक्षा दस्तुर** - १५००/- (अक्षरेपी रु एक हजार पाँच सय मात्र)
८. **शैक्षिक योग्यता** - सम्बन्धित विषयमा वि.एड वा सोसरह उतिर्ण ।
९. **स्थायी अध्यापन अनुमति पत्र** - अनिवार्य
१०. आवेदन फारम भर्न आउँदा मूल प्रमाणपत्रहरुको सक्कल प्रति सहीत आउनु पर्ने ।
११. **दरखास्त बुझाउने मिति** - २०८१/०१/२१ देखी २०८१/०२/०४ गते सम्म ।
१२. **सम्पर्क मिति** - २०८१/०२/०५ गते शनिबार, १०:३० बजे ।
१३. **परिक्षाको किसिम** - लिखित र अन्तरवार्ता ।
१४. महिला, अपाङ्ग, दलित, तालिम प्राप्त तथा अनुभवी र शिक्षक सेवा आयोग बाट करार सूचीमा रहेका उम्मेदवारहरु लाई विषेश ग्राह्यता दिइनेछ ।
१५. लिखित परिक्षाको मिति-सम्पर्क मितिमा तोकिनेछ ।
१६. विज्ञापन सम्बन्धि सम्पुर्ण अधिकार समितिमा सुरक्षित रहने छ ।
१७. छनौट सम्बन्धी कार्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
१८. रिक्त नपुगेको निवेदन माथि कुनै कर्वाही हुने छैन ।
१९. फोटो-२ प्रति र रु. २५/- तिरी फाइल र आवेदन फारम विद्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**द्रष्टव्य**:- विशेष जानकारीको लागि मो. ९८१६८०८४८३ मा सम्पर्क गर्नुहुन ।

# दुबईमा पुनः भारी वर्षा, उडानहरू रद्द, विद्यालय तथा कार्यालय बन्द

एएनआई

अबुधाबी । संयुक्त अरब इमिरेट्स (युएई) ले अप्रिलमा असामान्य बाढीको सामना गरेको केही दिनपछि पुनः भारी वर्षा भएको छ । असामान्य मौसमका कारण धेरै उडानहरू रद्द गरिएको छ भने मानिस तथा विद्यार्थीलाई घरबाटै काम तथा अध्ययन गर्न आग्रह गरिएको खालिज टाइम्सले रिपोर्ट गरेको छ ।

संयुक्त अरब इमिरेट्समा भारी वर्षा र आँधीबेहरीका कारण बिहीबार सुन्तला चेतावनी जारी गरिएको थियो ।




पछिल्लो केही दिनदेखि युएईले अस्थिर मौसमी लहरका लागि तयारी गरिरहेको छ । यसै क्रममा सबै क्षेत्रका मानिसलाई सुरक्षाका उपायहरू अपनाउन सल्लाह दिइएको छ । विद्यालयहरू दूर शिक्षामा छन् भने कम्पनीहरूलाई घरबाटै काम गर्न अनुमति दिन आग्रह गरिएको छ । पार्क तथा समुद्र तटहरू बन्द गरिएका छन् ।खालिज टाइम्सका अनुसार दुबईले इमिरेटमा अस्थिर मौसमका कारण मे २ र ३ मा सरकारी कर्मचारीहरूका लागि घरबाट काम गर्ने घोषणा गरेको थियो ।

युएईको विपद् व्यवस्थापन प्राधिकरणले आगामी मौसमी अवस्थालाई सामना गर्न तयारी दोहोर्‍याएको छ । सम्बन्धित एजेन्सीहरू उपायहरू कार्यान्वयन गरेर पूर्वानुमानित मौसमको उतारचढाव सामना गर्न तयार रहेको उल्लेख गरिएको छ । यसअघि एनसिएम विज्ञले आगामी मौसमको अवस्था अप्रिल १६ को जस्तो नहुने अनुमान गरेका छन् । अधिकारीहरूले आवश्यक सावधानीका उपायहरूबारे छलफल गरेका छन् ।युएईले विद्यार्थीहरूले विद्यमान मौसमको कारण मे २ र ३ मा देशका सबै सरकारी विद्यालयहरूका लागि अनलाइन कक्षा लिने घोषणा गरेको छ ।

सरकारले सम्भावित अस्थिर मौसमी अवस्थाका कारण दुबईका सबै निजी विद्यालयमा मे २ र ३ मा अनलाइन सिकाइ हुने घोषणा गरेको छ । ज्ञान तथा मानव विकास प्राधिकरण (केएचडिए) ले यो निर्णय सबै निजी विद्यालय, नर्सरी र विश्वविद्यालयमा लागु हुने घोषणा गरेको छ ।दुबई विमानस्थलका लागि पाँचवटा इनबाउन्ड उडान रातारात डाइभर्ट गरेको नौ आगमन तथा चार आउटबाउन्ड उडान रद्द गरेको विमानस्थलका प्रवक्तालाई उद्धृत गर्दै खालिज टाइम्सले जनाएको छ ।

विमानस्थलका प्रवक्ताले भन्नुभयो, "दुबईको विमानस्थलबाट प्रस्थान गर्नेहरूलाई लागि थप समय छुट्याउन सल्लाह दिइएको छ । सडक भीडभाडको पूर्वानुमान गर्दै सम्भावित टर्मिनल १ र ३ मा पुग्न दुबई मेट्रोको उपयोग गर्न दृढतापूर्वक प्रोत्साहित गरिएको छ ।"इमिरेट्सले बिहीबार युएईभर खराब मौसमका कारण धेरै उडान रद्द गरी दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सञ्चालन कम गरेको छ ।एक विज्ञप्तिमा मे २ मा दुबई विमानस्थलबाट आगमन-प्रस्थान गर्ने उडानहरू पुनःर्निर्धारित भएका कारण केही ढिलाइ हुनसक्ने उल्लेख गरिएको छ ।

फ्लाईदुबईका प्रवक्ताले बिहीबार दुबईमा प्रतिकूल मौसमका कारण उडान सञ्चालनमा केही ढिलाइ भएको बताएको खालिज टाइम्सले उल्लेख गरेको छ । उहाँले यात्रुहरूलाई डीएक्सबीको यात्राका लागि अतिरिक्त समय दिन सल्लाह दिनुभयो । शारजहास्थित एयर अरेबियाले अबुधाबी, शारजाह र रास अल खैमाहबाट उडान गर्ने यात्रुहरूलाई मौसमको अवस्थाका कारण विमानस्थलमा थप यात्रा समयको योजना बनाउन सल्लाह दिएको छ ।

अबुधाबीस्थित इत्तेहाद एयरवेजले जायद अन्तर्राष्ट्रिय विमानस्थल र दुबईबीचको इत्तेहाद बस सेवा प्रयोग गर्ने यात्रुहरूलाई विमानस्थलमा पुग्न थप समय दिन तथा स्थानान्तरणका लागि चाँडै जाँच गर्न आग्रह गरेको छ ।इन्डियन एयरलाइन्स इन्डिगोले दुबई, शारजाह, रास अल खैमाह र अबुधाबीमा खराब मौसमका कारण उडान सञ्चालन प्रभावित भएको बताएको छ । भिस्तारा र स्पाइसजेटले पनि खराब मौसमका कारण प्रस्थान, आगमन र उडानमा असर पर्ने बताएका छन् ।

# राजनीतिक खिचातानीले विघटनको स्थितिमा टेबल टेनिस संघ




**काठमाण्डु** । अखिल नेपाल टेबल टेनिस संघको चुनाव दुई पक्षबीचको विवादका कारण अन्योलमा छ । पछिल्लो पटक २८ चैत २०८० मा तोकिएको चुनाव संयोजक चतुरानन्द राजवैद्य र वरिष्ठ सहसंयोजक सुदिल शाही पक्षबीच विवाद भएका कारण हुन नसकेपछि तदर्थ समिति नै विघटनको अवस्थामा पुगेको छ ।

एक दशकभन्दा बढी समयदेखि वैद्यले टेबल टेनिस संघ चलाइरहेका छन् । सात वर्षअघि (२०७३/७४) मा चुनावको तयारी भए पनि अवरुद्ध भएयता चुनाव हुन सकेको छैन । २१ कात्तिक २०८० मा बसेको तदर्थ समितिको बैठकले जिल्ला संघको चुनाव १० पुसमा, प्रदेश संघको चुनाव १५ पुसमा र केन्द्रको चुनाव २५ पुसमा गर्ने निर्णय गरेको थियो ।

तर जिल्ला र प्रदेश संघको चुनाव समयमा नभएपछि २० चैतमा बसेको तदर्थ समितिको अर्को बैठकले २८ चैतमा केन्द्रको अधिवेशन गर्ने मिति तोकेको थियो । यो निर्णयमा तदर्थ समितिका संयोजक चतुरानन्द राजवैद्यले असहमति जनाएर राष्ट्रिय खेलकुद परिषदमा निवेदन दिएपछि चुनाव अनिश्चित बनेको हो ।

संघमा चुनाव गर्ने र नगर्ने विषयमा चतुरानन्द र सुदिल शाही समूहबीच विवाद छ । तदर्थ समितिमै रहेका कुबेरप्रकाश सिंहले सुदीललाई साथ दिएका छन् ।प्रतिष्ठाको लडाइँका रुपमा देखिएको टेबल टेनिसको झगडामा पछिल्लो समय दलीय राजनीति पनि जोडिएको छ । नेपाली कांग्रेस निकटका कुबेरप्रकाश सिंह, नेकपा एमाले निकटका चतुरानन्द राजवैद्य र नेकपा माओवादी केन्द्र सुदिल शाही संघको नेतृत्व हात पार्न आआफ्नो ढंगले लागेका छन् ।

राष्ट्रिय खेलकुद परिषदले यो समस्या समाधान गर्ने जिम्मा उपाध्यक्ष शिव कोइरालालाई दिएको छ । तर राखेपले चुनाव गराउने विषयमा सहमति गर्न सकेको छैन ।संघभित्रको विवादका कारण २५ मे देखि श्रीलंकामा हुने साउथ एसियन युथ टेबल टेनिस च्याम्पियनसिपमा भाग लिन जाने खेलाडी छनोटसमेत भएका छैनन् ।

हाल काठमाडौंको लैनचौरको टेबल टेनिस हलमा ओलम्पिक छनोटको खेल राखेपको निगरानीमा भइरहेको छ । 'चुनावी झमेलाको असर हामी खेलाडीलाई पर्न दिँदैनौं । ओलम्पिक छनोटको खेलहरु रोकिने भन्ने हुँदैन', राखेप उपाध्यक्ष कोइरालाले भने ।संघले विधिपूर्वक नयाँ कार्यसमिति चयन नगरेका कारण राखेपले उसलाई दिने आर्थिक सहयोग बन्द गरेको छ ।

**के हो विवाद ?**

३१ साउन २०८० मा चतुरानन्द राजवैद्यको संयोजकत्वमा अखिल नेपाल टेबल टेनिस संघ नाममा तदर्थ समिति गठन गरिएको थियो ।

सुरुमा चुनाव गराउन तीन महिना समय दिइएकामा निर्धारित समयभित्र चुनाव नभएपछि दुई महिना म्याद थप गरिएको थियो । त्यसपछि फेरि ३ महिना म्याद थपिएको थियो । त्यो म्याद पनि २९ चैत २०८० मा सकिएको छ ।

तदर्थ समितिले चुनावका लागि बनाएको विधानको व्यवस्थालाई लिएर चतुरानन्द र सुदिल शाही पक्षबीच मुख्य विवाद छ । तदर्थ समितिले २६ वटा जिल्लामा टेबल टेनिस संघको जिल्ला संघ र पाँचवटा प्रदेशमा प्रदेश संघ गठन गरेको छ । यसमा शाही पक्ष हाबी भएपछि राजवैद्यले विरोध जनाएको संघ स्रोत बताउँछ ।

जिल्ला संघ गठन भएकोमध्ये बागमतीको काठमाडौं र कोशी प्रदेशमा एक/दुई जिल्ला बाहेक अन्यमा अधिवेशन हुन नसकेपछि प्रदेश र केन्द्रको अधिवेशन अन्योलमा परेको हो । तदर्थ समितिमा शाही र कुवेर पक्षको बहुमत पुगेकाले राजवैद्यले चुनाव नगराउने रणनीति लिएका छन् । उनले धर्ममान बज्राचार्य अध्यक्ष रहेको काठमाडौं जिल्ला टेबल टेनिस संघको चुनाव हुन दिएनन् ।

झापामा पनि चतुरानन्दकै सक्रियतामा चुनाव रोकिएको अर्को पक्षको आरोप छ । चतुरानन्द पक्षले शाही पक्षले आफू अनुकुलका जिल्लामा मात्र संघ गठन गरेको आरोप लगायो ।'७७ जिल्लामा जुन जुन जिल्ला र ठाउँहरुमा टेबल टेनिस सक्रिय रुपमा खेलिन्छ ती जिल्लाहरुलाई समेट्नुपर्छ भन्ने मेरो माग थियो तर उहाँहरुले पुरानै २६ जिल्ला मात्रै भन्नुभयो', चतुरानन्दले भने, 'त्यही २६ जिल्लामा पनि उहाँहरुले समिति गठन गर्न सक्नुभएन । त्यसपछि आफूखुसी जिल्ला र प्रदेश संघहरु थप गर्नुभयो ।'

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ अनुसार कुनै पनि संघ वा महासंघ निर्माण गर्न ७ मध्ये ४ प्रदेशमा समिति हुनुपर्ने र एउटा प्रदेशमा ५ वा सोभन्दा बढी जिल्लामा संघ गठन भएको हुनुपर्नेछ ।

**संघमा चुनाव गर्ने र नगर्ने विषयमा चतुरानन्द र सुदिल शाही समूहबीच विवाद छ । तदर्थ समितिमै रहेका कुबेरप्रकाश सिंहले सुदीललाई साथ दिएका छन् ।**

त्यतिबेलै इन्टरनेशनल टेबल टेनिस फेडेरेसन र एसियन टेबल टेनिस युनियनले चतुरानन्दको अडानलाई समर्थन गर्दै संघको चुनाव निष्पक्ष र राजनीतिक हस्तक्षेपबिना हुनुपर्छ भनेर तदर्थ समितिलाई पत्र पठायो । त्यही पत्र देखाएर चतुरानन्दले चुनावमा सहभागी नहुने भन्दै राष्ट्रिय खेलकुद परिषदमा निवेदन दिए ।एसियन टेबल टेनिस युनियनले चुनावी प्रक्रियाको निरीक्षण नेपाल ओलम्पिक कमिटीले गर्ने भनी पत्र लेख्यो । चतुरानन्द समूहले पनि चुनावमा ओलम्पिक कमिटीले निरीक्षण गर्नुपर्ने अडान लियो ।

तर राखेपले आफू मातहतको खेल संघमा ओलम्पिक कमिटीको संलग्नता स्वीकार गरेन । राखेपले गरेको चुनावमा ओलम्पिक कमिटीका पदाधिकारी उपस्थित हुनुपर्ने उपाध्यक्ष कोइराला बताउँछन्, 'राखेप मातहतमा रहेका संघहरुको निर्वाचनका लागि राखेपको अनुमति हुनुपर्छ तर त्यस चुनावमा ओलम्पिक कमिटीले पनि आफ्नो पदाधिकारी पठाउनुपर्छ ।'संघको तदर्थ समितिमा सदस्यताको विषयमा पनि विवाद छ । साफ गेममा स्वर्ण पदक जितेका खेलाडीलाई पनि संघको साधारण सदस्य नबनाउने गरी विधानमा व्यवस्था गरिएकामा चतुरानन्द पक्षले विरोध जनाएको छ ।

'पहिलाको विधानमा साफ गेमको स्वर्ण विजेताहरुलाई साधारण सदस्य दिने भन्ने थियो । जसमा १२/१५ वर्षदेखि खेलाडीलाई अपनत्व महसुस गराउन संघले गरेको थियो । त्यो व्यवस्था विपरीत उहाँहरुले विधान बनाउनुभयो' उनले भने ।सुदिल शाही भने सकभर छिटो संघको चुनाव गराउनुपर्ने बताउँछन् । 'संघको चुनाव छिटो हुनुपर्छ । संघमा यतिका वर्षदेखि भइरहेको अनियमितताको खोजी गर्नुपर्छ', उनी भन्छन् । वर्षौंदेखि टेबल टेनिस संघ निकै सुस्त रहेकाले सक्रिय बनाउन पनि छिटो अधिवेशन गर्नुपर्ने उनको भनाइ छ ।

**तदर्थ समितिको म्याद नथप्ने पक्षमा राखेप**

राखेप उपाध्यक्ष शिव कोइराला दुबै पक्षले आफ्नो स्वार्थ हेरेका कारण चुनाव हुन नसकेको बताउँछन् । राखेपले चतुरानन्द राजवैद्य र सुदिल पक्षलाई राखेर पुनः बैठक गर्ने र सहमति नभएमा अर्को तदर्थ समिति बनाउने तयारी गरेको छ ।'हामीले यो तदर्थ समितिको दुई पटक म्याद थप गरिसकेका छौं । अब पनि काम पूरा हुन नसकेपछि अर्को तदर्थ समिति बन्छ । त्यसमा चतुरानन्द, कुबेर पक्ष वा सुदिल शाहीलाई समेटेर बनाउने वा उहाँहरु बिना नै बनाउने यो भने छलफल हुन बाँकी छ', उपाध्यक्ष कोइरालाले भने ।

राखेपले तदर्थ समिति संयोजक भएका कारण राजवैद्यको जवाफ खोजेको छ । 'अल्पमत र बहुमतमा जाने भन्ने कुरा सुदिल र कुवेर पक्षको पनि गलत हो । तदर्थ समिति भएका कारण यसमा हामी संयोजकलाई मात्रै चिन्छौं । अब उहाँ पनि वार्तामा नआउँदा हामी चुनावमा जान अनुमति दिन सक्दैनौं त्यो बाध्यता हो', उनले भने ।

टेबल टेनिस संघको नेतृत्वका विषयमा भएको विवाद धेरै पुरानो हो । चतुरानन्द राजवैद्य अध्यक्ष भएदेखि नै संघलाई एकलौटी ढंगले चलाएको भन्दै विगतमा विजेन्द्र हमालसहित केहीले विरोध जनाएका थिए ।

विरोधका बाबजुद २०७३/७४ मा चुनाव गर्ने तयारी भए पनि अवरुद्ध हुन पुग्यो । त्यसयता संघ लथालिंग ढंगले नै चलिरहेको छ ।

'यो विवाद ६/७ वर्ष लामो हो । अघिल्ला सदस्य सचिवहरुले पनि सुल्झाउन नसकेको विषय हो । अदालतले समेत हामीलाई दुवै पक्षलाई मिलाएर नयाँ कमिटी बनाउनु भन्यो । उहाँहरुले नै भनेको जस्तो तदर्थ समिति बनाउँदा पनि काम गर्न सकेन', उपाध्यक्ष कोइरालाले भने ।अनलाइन

# डेनमार्कले गर्भपतनको कानूनी सीमा १८ हप्तासम्म बढाउने

एएफपी

कोपेनहेगन ।डेनमार्कले गर्भपतनको कानूनी सीमालाई १२ हप्ताबाट १८ हप्तामा विस्तार गर्ने योजना बनाएको स्वास्थ्य मन्त्रालयले शुक्रबार बताएको छ । धेरै मुलुकले गर्भपतनसम्मको पहुँचलाई प्रतिबन्ध लगाउन खोजिरहेका बेला डेनमार्कमा यस्तो कदम चालिएको छ ।



स्वास्थ्यमन्त्री सोफी लोहडेले भन्नुभयो, "५० वर्षपछि गर्भपतनलाई नियन्त्रित गर्ने नियमहरू परिवर्तन गर्ने र महिलाको निर्णय गर्ने अधिकारलाई बलियो बनाउने समय आएको छ ।"डेनिस मेडिकल एसोसिएसनका प्रमुख क्यामिला रथकेले समाचार एजेन्सी रिट्जाउलाई भन्नुभयो, "अब महिलाहरूसँग के गर्ने भन्नेबारे सोच्ने समय र अधिकार हुनेछ ।"यसका अतिरिक्त १५ देखि १७ वर्ष उमेरका किशोर हरूलाई आफ्ना आमाबुबाको सहमतिबिना गर्भपतन गर्न अनुमति दिइने छ ।

विश्वका केही भागमा गर्भपतनको अधिकारलाई प्रतिबन्धित गरिए पनि गत वर्ष डेनिस नैतिकता समितिले गर्भपतनको समय सीमालाई १२ हप्ताबाट १८ हप्तासम्म बढाउन सिफारिस गरेको थियो ।

यसलाई छिमेकी स्विडेनको अनुरूप ल्याइएको थियो । "१८ साताको सीमाले अहिले पनि २२ साता वरपर भ्रूणको व्यवहार्यताका लागि धेरै मार्जिन छोड्छ", समितिले उक्त समयमा भनेको थियो । वामपन्थी-दक्षिणपन्थी सरकारले सन् २०२४/२०२५ को संसद् अधिवेशनमा विधेयक प्रस्तुत गर्नेछ ।

विधेयकलाई वामपन्थीका सबै विपक्षी दलको समर्थन छ र यसलाई ठूलो बहुमतका साथ ग्रहण गरिने अपेक्षा गरिएको छ । विधेयक स्वीकृत भयो भने नयाँ कानून सन् २०२५ जुन १ मा लागु हुने अपेक्षा गरिएको छ । पश्चिम युरोपमा गर्भपतनलाई अनुमति दिने पछिल्ला मुलुकहरूमा बेलायत र नेदरल्यान्ड्समा २४ साता र आइसल्यान्डमा २२ साता रहेको छ ।

# चीनमा पाँच लाखभन्दा बढी अपाङ्गता भएका व्यक्ति नयाँ रोजगारीमा संलग्न

सिन्ह्वा

बेइजिङ । चीनमा सन् २०२३ मा सहरी क्षेत्रमा एक लाख ५२ हजार र ग्रामीण क्षेत्रका तीन लाख ९२ हजार गरी कूल पाँच लाख ४४ हजार अपाङ्गता भएका व्यक्तिले रोजगारी पाएको चिनियाँ अपाङ्गता व्यक्ति महासङ्घले जनाएको छ ।

यीमध्ये झण्डै आधा व्यक्ति कृषि उद्योगको खेती, प्रजनन र प्रशोधन क्षेत्रमा कार्यरत रहेको महासङ्घले जनाएको छ । महासङ्घले चीनभरका अधिकारी र संस्थाहरूले सन् २०२३ मा ग्रामीण क्षेत्रहरूमा कठिनाइमा बस्ने दुई लाख ५९ हजार अपाङ्गता भएका व्यक्तिलाई व्यावहारिक सीप तालिम प्रदान गरेको छ ।सन् २०२३ मा चीनभर ११ हजार तीन सय ९३ दृष्टिविहीन व्यक्तिले गैर-मेडिकल मसाजर (मालिस गर्ने व्यक्ति) बन्नका लागि प्रशिक्षण प्राप्त गरेको र नौ हजार नौ सय ७० व्यक्तिले मेडिकल मसाजर बन्न तालिम प्राप्त गरेको महासङ्घले जनाएको छ ।



सन् २०२३ मा चीनमा नौ लाख ६० हजार प्रमाणित अपाङ्गता भएका व्यक्ति विभिन्न प्रकारका रोजगारीमा संलग्न रहेका थिए । यसमा सरकारको सहयोगमा रोजगारी, स्वरोजगार, आंशिक समयका लागि रोजगारी र सरकारले उपलब्ध गराएको जन कल्याणकारी रोजगारीहरू समावेश छन् ।

# मङ्गोलियामा ५६ लाखभन्दा बढी पशुधन नष्ट



सिन्ह्वा

उलानबाटोर । मङ्गोलियामा अहिलेसम्म ५६ लाखभन्दा बढी पशुधन नष्ट भएको देशको राष्ट्रिय आपत्कालीन व्यवस्थापन एजेन्सी (नेमा) ले शुक्रबार बताएको छ ।गएको जाडो मौसम र यस वसन्त ऋतुमा गम्भीर चिसोका कारण मरेका सबै पशुधनमध्ये लगभग ८० प्रतिशतको शव नष्ट भएको छ । यस्तो खालको जाडोलाई 'जुड' भनिने नेमाले एक विज्ञप्तिमा उल्लेख गरेको छ ।

'जुड' एक मङ्गोलियाली शब्द हो । गम्भीर चिसोका कारण ठूलो संख्यामा पशुधन मर्दा यो शब्दको प्रयोग गरिन्छ । अत्यधिक चिसोमा जमीन जमेको वा हिउँले ढाकेको हुन्छ । यस देशका लगभग सबै प्रान्तले विगतको जाडोमा कठोर मौसमको अनुभव गरेका थिए । यहाँ देशको ८० प्रतिशतभन्दा बढी भाग हिउँले ढाकिएकाले सरकारलाई विपद् तयारी उच्च बनाउन प्रेरित गरेको थियो ।

पशुपालनको प्रवर्द्धनलाई जमिनले घेरिएको यस देशको खानीमा निर्भर अर्थतन्त्रलाई विविधीकरण गर्ने सबैभन्दा व्यावहारिक तरिकाको रूपमा हेरिन्छ ।विश्वको अन्तिम जीवित खानी भएका देशहरूमध्ये एकका रूपमा रहेको मङ्गोलियामा सन् २०२३ को अन्त्यमा छ करोड ४७ लाख पशुधन रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।


# पाकिस्तानमा बस दुर्घटना, २० को मृत्यु, २१ घाइते

एएनआई

गिलगिट ।पाकिस्तान अधिकृत कश्मिरको गिलगिट-बाल्टिस्तानको डायमर जिल्लामा यात्रु बस साँघुरो पहाडी सडकमा दुर्घटना भई खोलामा खस्दा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएका छन् ।

प्रहरीका अनुसार शुक्रबार बिहान ५:३० बजे डायमरको काराकोरम राजमार्गको यशोखल क्षेत्रमा बस दुर्घटना भएको थियो । रावलपिन्डीबाट गिलगिटतर्फ गइरहेको बसमा कम्तीमा ३८ जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि दुर्घटनास्थलमा उद्धार टोली पठाइएको छ भने घाइते तथा शवलाई चिलासको अस्पतालमा लगिएको छ । स्वास्थ्य विभागका निर्देशकका अनुसार मृतकमा तीन जना महिला रहेको जियो न्युजले जनाएको छ । जियो न्यूजसँग कुरा गर्दै डायमरका उपायुक्त फयाज अहमदले कम्तीमा पाँच जना घाइते यात्रुको अवस्था गम्भीर रहेको र दुई जनालाई गिलगिट सहरमा सारिएको बताउनु भयो । अहमदले दुर्घटनाका पीडित परिवारसँग नियमित सम्पर्कमा रहेको जानकारी दिनु भएको छ ।



तिव्र गतिका कारण मोड लिने क्रममा बस दुर्घटना भएको अधिकारीहरुले जनाएका छन् । गिलगिट-बाल्टिस्तानका मुख्यमन्त्री हाजी गुलबर खानले घटनालाई लिएर शोक व्यक्त गर्नु भएको छ ।

उहाँले प्रशासन र उद्धारकर्ताहरूलाई घाइतेलाई तत्काल चिकित्सा सहायता प्रदान गर्न आदेश दिनु भएको छ । यसै गरी गिलगिट-बाल्टिस्तान सरकारका प्रवक्ताले चिलास अस्पतालमा आपतकाल लागु गरिएको घोषणा समेत गर्नु भएको छ ।

# रासायनिक विषादीको प्रयोग घटाउन 'आइपिएम' कृषक पाठशाला




म्याग्दी । कृषकलाई रासायनिक विषादी र मलको विकल्पमा प्राङ्गारिक विधिबाट खेती गर्ने ज्ञान प्रदान गर्न यस वर्ष म्याग्दीका आठ ठाउँमा एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन भएको छ।

बेनी नगरपालिकाले पाँच, कृषि ज्ञान केन्द्रले दुई र बाली संरक्षण प्रयोगशाला पोखराले एउटा कृषक समूहमार्फत पाठशाला सञ्चालन गरेका हुन्। आइपिएम सहजकर्ता सोवित शर्माले १८ हप्ताका लागि गोलभेँडा, आलु र काँक्रो खेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको जानकारी दिनुभयो। "कृषकलाई मित्र र शत्रुजीव पहिचान गर्न सिकाएर स्थानीयरुपमा उपलब्ध जैविक विषादी र मलको प्रयोगमार्फत स्वच्छ फसल उत्पादन गर्ने उद्देश्यले पाठशाला सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "हरेक समूहका कृषकलाई हप्ताको एक दिन चार घण्टाका दरले प्राविधिक र व्यवहारिक ज्ञान प्रदान गरिरहेका छौँ।"

शर्माका अनुसार प्रयोगात्मक अभ्यासका लागि एक रोपनी जमिनमा चार वटा पल्ट (ड्याङ) बनाएर फरक तरिकाले फरक जातको काक्रो, आलु र गोलभेँडाको सामुहिक खेती गरिएको छ। बेनी-१ अर्जममा बाली संरक्षण प्रयोगशालाको सहयोगमा गोलभेँडा खेतीका लागि आयोजना भएको आइपिएम पाठशालामा २९ जना कृषक सहभागी भएका उहाँले जानकारी दिनुभयो।

कृषि ज्ञान केन्द्रको सहयोगमा बेनी-२ को बगरफाँटमा काँक्रो र मङ्गला गाउँपालिका-२ तोराखेतमा आलु खेतीका लागि सञ्चालन भएको पाठशालामा २५/२५ कृषक सहभागी भएका छन्। बेनी-३ भकिम्लीको भकुभुकेमा स्वर्गाश्रम, वडा नं ५ को बगुवाखोला, वडा नं ९ तोरीपानी र वडा १० नं पाल्लेखेतमा आलु खेतीका लागि उक्त पाठशाला सञ्चालन गरिएको छ।

ती सबै पाठशालामा कम्तीमा २५ जनाका दरले कृषक सहभागी भएका आइपिएम सहजकर्ता शर्माको भनाइ छ। बेनी-६ जामुनाखर्कमा आलु बालीमा पाठशाला सञ्चालन भएको छ। बेनी-१ अर्जमको देउराली आइपिएम कृषक समूहका अध्यक्ष तुलसी थापाले स्थानीयस्तरमा उपलब्ध प्राङ्गारिक मल, गाइभैँसीको मुत्र र जैविक विषादीको प्रयोगबाट रोगकिरा पहिचान तथा व्यवस्थापन गर्न पाठशाला सञ्चालन गरिएको बताउनुभयो।

"तितेपाती, असुरो, खरानी, गाइभैँसीको मुत्रको प्रयोगबाट खेतीबालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गरी स्वच्छ फसल उत्पादन बढाउनेबारे सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेका छौँ", उहाँले भन्नुभयो, "रासायनिक मल र विषादीका लागि हुने लगानी तथा स्वास्थ्यमा पर्ने असर न्यूनीकरणका लागि प्राङ्गारिक खेती गर्न थालेका छौँ।""खेतीबालीमा शत्रुजीव मात्र हुँदैन, मित्रजीव पनि हुन्छन् भन्ने ज्ञानको कमी छ। कुन जिव मित्र र शत्रु हो भन्ने पहिचान नगरी जथाभावी विषादी प्रयोग गर्दा बेफाइदा गर्ने भएकाले शत्रु जीवलाई जैविक विषादीबाट नष्ट गर्ने ज्ञान, सीप पाठशालाबाट पाएका छौँ", कृषक सुन्दर थापामगरले भन्नुभयो।

पाठशालामा कृषकलाई भेला गराएर सैद्धान्तिक विषयमा अभिमुखीकरणका साथै प्रयोगात्मक अभ्यास गराइएको आइपिएम सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताउनुभयो। "आइपिएम, परम्परागत र प्रदर्शनी विधिबाट फरक जातका बिरुवा रोपेका छौँ", उहाँले भन्नुभयो, "परम्परागत तुलनामा आइपिएम विधिबाट खेती गर्दा धेरै उत्पादन लिन सकिने देखिएको छ।" रासस

# डढेलोबाट जङ्गलका स्रोत जोगाउनै मुस्किल

काठमाण्डु । डढेलोविद् सुन्दर शर्मा यही साता मङ्गोलिया भ्रमणमा जाने अन्तिम तयारीमा हुनुहन्थ्यो। तर मुलुकका विभिन्न स्थानका जङ्गल डढेलोले जलिरहँदा उहाँलाई भ्रमणमा निस्कन मन लागेन। विदेश जान मरिहत्ते गर्नेहरु धेरै छन् यहाँ तर उहाँको डढेलो बढेसँगै मन पनि अत्तालिरहेको छ। डढेलोको विषयमा बुझ्न सञ्चारकर्मीको फोनको घण्टीले उहाँलाई एकैछिन फुर्सदै हुँदैन।

"विभिन्न स्थानका लागिरहेको वन डढेलोले देश नै जलिरहेको छ, म कसरी विदेश जान सक्छु र ?" उहाँ भन्नुहुन्छ, "आजभोलि त निन्द्रा नै राम्रोसँग लाग्दैन। कतै डढेलेले ज्यानै लिएको छ त कतै, चराचुरुङ्गी र वन्यजन्तु डढेलोसँगै तितरबितर छन् त कतै जङ्गलका काठ जलेर राज्यको अथाह सम्पत्ति खरानी भइरहेको छ।"

उहाँका अनुसार देशभर वन डढेलोको अवस्था भनभन विकराल बन्दै गइरहेको छ। बिहीबार मात्रै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आज ५३ जिल्लाका चार सय ३६ स्थानमा वन डढेलो लागेको छ।

जङ्गलमा लागिरहेको आगोले कतिबेला कुन बस्ती जलेर खरानी हुने हो भन्ने चिन्ताले उहाँलाई सताएको छ। प्राधिकरणमा डढेलो विज्ञको रुपमा काम गरिरहनुभएको उहाँलाई डढेलोको समयमा कसरी डढेलो व्यवस्थापन कार्य र क्षति न्यूनीकरणमा लागि पर्नुभएको छ। नेपालमा सञ्चारकर्मीदेखि विभिन्न डिबिजन वन कार्यालय, वन उपभोक्ता समूहलगायतले उहाँसँग नै डढेलोबारे जानकारी लिइरहनुहुन्छ।

गत मङ्गलबार बिहान ११:३० बजेतिर प्राधिकरणलाई ललितपुर गोदावरी नगरपालिका-६ आनन्द वनमा डढेलो फैलिएको भन्ने खबर आउँछ। डढेलोको कारण नजिकै रहेको कुष्ठरोग अस्पतालसमेत जोखिममा रहेको थाहा पाएपछि डढेलोविद् शर्मासहितको टोली आगो नियन्त्रणका लागि ललितपुर जानुभएको थियो। "जङ्गलको आगोबाट अस्पताललाई कसरी सुरक्षित गरेर राज्यको सम्पत्ति जोगाउने भन्ने चिन्ता भयो", शर्माले भन्नुभयो, "लेलेतर्फको जङ्गलमा लागेको डढेलो फैलिँदै आनन्दवनसम्म आइपुगेको रहेछ। हामीले पोटेबल फाएर ड्रोन, पोटेबल फाएर पम्प, चारवटा दमकलको सहायताले बल्लतल्ल आगो निभायौँ।"

ललितपुरका विभिन्न स्थानमा लागेको डढेलो कतै नियन्त्रणमा आउन सक्यो कतै अझै बाँकी नै छ। डढेलोकै कारण गोदावरी नगरपालिका-४ बडीखेलस्थित तपेश्वरमा लागेको डढेलो निभाउने क्रममा शङ्कर पहारी र रमेश पहारीको मृत्युसमेत भइसकेको छ। शर्माका अनुसार नेपालमा साधारणतया वर्षमा २५ सयको हाराहारीमा डढेलाको घटनाहरु हुन्छन्। "८० प्रतिशत वन डढेलाको घटनाहरु फागुनको मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन्। चैत र वैशाखमा मात्रै ६० प्रतिशत डडेलोको घटनाहरु हुने गर्छन्", शर्माले भन्नुभयो।




डिभिजन वन कार्यालय ललितपुर डिभिजन कार्यालयका वन अधिकृत थीरप्रसाद कोइरालालाई पनि अहिले देशका विभिन्न स्थानमा लागिरहेको डढेलोले चिन्तित बनाएको छ। डढेलोका कारण जङ्गलमा लागेको आगोले चराचुरुङ्गी र अन्य वन्यजन्तुहरु पनि जलेका छन्। उनीहरुको बासस्थानमै खलल पुगेको छ, काठ, दाउरा, जडीबुटी पनि डढेलोका कारण क्षति पुगेको उहाँको भनाइ छ।

गत चैत १९ गते पनि रौतहट जिल्ला गैँडाटारको राष्ट्रिय वनमा डढेलो लागिरहेको छ, भन्ने खबर पाउना साथ डिभिजन वन अधिकृत शैलेन्द्र मिश्रको मन अतालिन थाल्यो। जङ्गलसँगै जङ्गल आसपासमा रहेका काठ दाउरा कसरी सुरक्षित गर्ने भनेर। वनमा लागिरहेको आगो नियन्त्रण गरेर काठ दाउरा जोगाउन सर्लाहीको हरिवन, बाराको निजगढ, गौर र चन्द्रपुर नगरपालिकाबाट चार वटा बारुणयन्त्र घटानास्थल गए। आगो नियन्त्रणको प्रयास रहँदारहँदै पनि घाटगद्धी गरिएको साल, कू-काठ, दाउरा जलेर खरानी भयो।

यसैगरी चैतको दोस्रो साता मधेस प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले महत्तरीस्थित गौसला नगरपालिका-११ को राष्ट्रिय वनमा आगो लागिरहेको र काठ जलिरहेको भन्ने खबर मन्त्रालय मातहतको डिभिजन वन कार्यालय महोत्तरीलाई पठाउनुहुन्छ। त्यसपछि महोत्तरीका डिभिजन वन अधिकृत सन्तोष झासहितको टोली आगलागीका कारण जलिरहेको काठ बचाउन जङ्गलतिर लाग्नुहुन्छ।

आगो नियन्त्रणका लागि निरनतर २८ घण्टा खटिएको अनुभव अधिकृत झा सुनाउनुहुन्छ। तर त्यति लामो सयमसम्मको प्रयास गर्दागर्दै पनि रु एक करोड ६० लाख मूल्य बराबरको काठ र दाउरा आँखै अगाडि जलेर खरानी भएको देख्दा उहाँ निकै भावुक बन्नुभयो। नेपाल-भारतबीचको विद्युत् व्यापारका निर्माण गरिएको हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणका क्रममा छ वर्षअघि काटिएको काठ बिक्री हुन नसक्दा जङ्गलमै राखिएको थियो।

हिजो तस्करीबाट काठ जोगाउन मुस्किल आज वन डढेलाबाट काठ कसरी जोगाउने भन्ने मुस्किल रहेको बताउनुहुन्छ, धादिङका डिभिजनल वन अधिकृत विष्णु आचार्य। "कतिपय जिल्लामा जङ्गलभित्र काटेर राखिएको काठ बिक्री भएका छैनन्। कतिपय स्थानका ढलापढा तथा सुखढ खडा काठहरु यतिकै छन्। पातपतिङ्गर उत्तिकै छन्", उहाँले भन्नुभयो, "अनि यसले जङ्गलको आगो छिटो फैलाएको छ र जङ्गलमा रहेका काठदाउरा, वन्यजन्तु तथा अन्य जैविक विविधताको संरक्षण कसरी गर्ने ? भन्ने चुनौती रहेको छ।"

> "वन डढेलो नियन्त्रणका लागि हामीले जनचेतनामूलक कार्यक्रमहरु गर्दै त आइरहेका छौँ, यसो हुँदाहुँदै पनि वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण हुन सकिरहेको छैन।"

सुक्खायाम बढेसँगै मुलुकका विभिन्न स्थानमा लागिरहेको वन डढेलोको कारण देशका विभिन्न स्थानमा आगलागीका घटना बढिरहेका छन्। वन तथा वातावरण मन्त्रालयका अनुसार वन डढेलोका कारण के कति काठहरु जले भन्ने यकिन तथ्याङ्क भने आइनसकेको जानकारी गराएको छ। डढेलोका कारण वन क्षेत्रमा कटान गरी राखिएको काठ र ढलापढा तथा सुखढ काठहरु वन डढेलोबाट जोगाउन मुस्किल रहेको अन्य डिभिजनल वन अधिकृतहरुको गुनासो छ।

कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले पनि डढेलो नियन्त्रणमा आउन नसक्दा वन क्षेत्रभित्र रहेका काठ जोगाउन चुनौती थपेको बताउनुहुन्छ छ। "वन डढेलो नियन्त्रणका लागि हामीले जनचेतनामूलक कार्यक्रमहरु गर्दै त आइरहेका छौँ, यसो हुँदाहुँदै पनि वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण हुन सकिरहेको छैन", उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका नीति कार्यान्वयनमा केन्द्रीय सरकार र स्थानीय तहसँगको सहकार्य जरुरी छ।"

कपिलवस्तुका डिभिजनल वन अधिकृत विजय सुवेदीले पनि वन क्षेत्रमा लाग्ने डढेलोको कारण काठ दाउरा जोगाउनै मुस्किल भइरहेको बताउनुभएको छ। "वन डढेलोको घटनाहरुबाट कसरी काठ र दाउरा जोगाउने भन्ने नै अहिलेको मुख्य चुनौती रहेको छ", उहाँले भन्नुभयो, "वन डढेलो धेरैजसो मानवीय कारणले लाग्ने भएकाले नियन्त्रणका लागि हामीले सिसी क्यामरा जडानलाई प्राथमिकता दिएर अगाडि बढेका छौँ।"

सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले वन क्षेत्रका काठले बजार नपाउँदा डढेलासँगै जलिरहेको बताउनुभएको छ। "हामीले समयमा नै वनको काठ नै बाहिर बजारमा ल्याउनुपर्छ भनेका थियौँ, तर काठले बजार नपाउँदा बजारमा नआउने उता विदेशी काठ आयात गर्नुपर्ने यो कस्तो बिडम्बना हो ?" प्रतिप्रश्न गर्दै उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम गर्न सामुदायिक वन कार्ययोजना परिमार्जन गर्नुपर्ने, वन उद्यम विकास गरेर वन पैदावारको सदुपयोग गर्नुपर्ने, तालिम गोष्ठी सञ्चालन गर्नुपर्ने, नियन्त्रणका पर्याप्त आधुनिक औजारहरुको व्यवस्था हुनुपर्छ।"

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपक खरालले पछिल्लो सय बढ्दै गइरहेको वन डढेलो नियन्त्रणलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्ष २०८१/८२ का बजेटमा डढेलो नियन्त्रणका कार्यक्रमलाई प्रथामिकतामा राखिने जानकारी दिनुभएको छ। "अहिले देशका विभिन्न स्थानमा आगोलागीका घटनाहरु बढिरहेका छन्। हामीले प्रदेश सरकारसँग पनि समन्वय गरेर डढेलो नियन्त्रणका प्रभावकारी गतिविधि अगाडि बढाउन निर्देशन दिएका छौँ", उहाँले भननुभयो।

मन्त्रालयले डढेलोबाट काठ जोगाउन सुरक्षित सतर्कता अपनाउन भन्दै डिभिजनल वन कार्यालयलाई परिपत्र गरिसकेको थियो। मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले सबैलाई काठ व्यवस्थापनको लागि परिपत्र गरिसकेको भए पनि काठ दाउरा जलेको खबर दुःखद् पक्ष रहेको बताउनुभयो।

मानिसले जङ्गलमा आगो लगाएमा कारबाही हुने कानुनी व्यवस्था छ। कडाइका साथ कानुन कार्यान्वयन नहुँदा मानवीय लापर्वाहीका कारण वन डढेलो बढेको सरोकारवालाहरुको भनाइ छ। वन ऐन २०७६ को दफा ४९ को 'घ' मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सजाय हुने व्यवस्था गरिएको छ। "यस कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ", ऐनमा उल्लेख छ।

वन डढेलो व्यवस्थापन रणनीति २०६७ डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरुका परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिनका लागि पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ।

वन डढेलो व्यवस्थापन रणनीति २०६७ डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरुका परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिनका लागि पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ। यसैगरी आगोको व्यवस्थित प्रयोगबाट पारिस्थितिकीय प्रणालीमा सकारात्मक प्रभाव र स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने, आन्तरिक तथा अन्तरदेशीय डढेलो विपद् तथा यसबाट उत्पन्न जलवायु परिवर्तनलगायत वातावरणीय समस्या समाधानका लागि द्विपक्षीय, बहुपक्षीय समन्वय, सहकार्य र सहयोग विस्तार गर्ने रणनीतिमा उल्लेख छ।

नयाँ बन्ने वनसम्बन्धी नीति, रणनीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरुमा वन डढेलोको विषय समावेश गरिने वन तथा भूसंरक्षण मन्त्रालय र अन्तर्गतका निकायहरुको संस्थागत संरचना सुधार गरी वन क्षेत्रबाहेकका अग्निप्रकोप व्यवस्थापन तथा नियन्त्रण सम्बन्धित निकायसँगको समन्वयमा डढेलो व्यवस्थापन संरचना वा संयन्त्रको विकास गरिँदै लगिने रणनीति छ। रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि विज्ञहरुले सुझाएका छन्।रासस

# गोरखकाली रबर उद्योग सञ्चालनको माग


पोखरा । नौ वर्षदेखि बन्द रहेको गोरखकाली रबर उद्योग पुनःसञ्चालन गर्ने योजना कार्यान्वयनमा आउन सकेको छैन। सरकारले चालु आवको नीति तथा कार्यक्रममा रुग्ण अवस्थाको सो उद्योग सञ्चालनमा ल्याउने घोषणा गरेको थियो। सरकार र राजनीतिक नेतृत्वबाट उक्त उद्योग चलाउने प्रतिबद्धता आएपनि कार्यान्वयनमा ढिलाइ भइरहेको हो।

सरकारको नीति तथा कार्यक्रममा समावेश भएपनि उद्योग सञ्चालनका लागि प्रकृया सुरु नभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। सो उद्योग सञ्चालनका लागि ठोस कार्ययोजना र ढाँचा तय भइनसकेको उद्योग विभागका निर्देशक अर्जनसेन ओलीले बताउनुभयो। "मन्त्रालय तहबाट नीतिगत निर्णय त भएको हो, तर उद्योग सञ्चालनको गृहकार्य अघि बढेको छैन", उहाँले भन्नुभयो।

मन्त्रालयले रुग्ण तथा बन्द अवस्थामा रहेका उद्योग सञ्चालनका लागि विसं २०७८ मा प्रारम्भिक अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाएको निर्देशक ओलीले बताउनुभयो। "हेटौडा कपडा उद्योग सञ्चालनको जिम्मा नेपाली सेनालाई दिनेबारे सरकारले छलफल चलाइरहेको छ, तर गोरखकाली रबर उद्योग सञ्चालनको ढाँचा र लगानी स्रोतबारे अहिलेसम्म कुनै निर्णय भएको छैन", उहाँले भन्नुभयो।

सरकारले नीति तथा कार्यक्रममार्फत गरेको उक्त निर्णयले आशा जगाएको भएपनि घोषणा कार्यान्वयनमा हुनेमा जनस्तरमा संशय कायमै छ। यसअघि पनि गोरखकाली रबर उद्योगलगायत बन्द तथा रुग्ण अवस्थामा रहेका स्वदेशी उद्योग चलाउने सरकारी प्रयासले सार्थकता पाउन सकेको थिएन। गोरखकाली देशकै एकमात्र टायर उत्पादन गर्ने उद्योग हो।

विसं २०४९ साउनदेखि व्यावसायिक उत्पादन थालेको सो उद्योग व्यवस्थापनको कमजोरीका कारण विसं २०७२ देखि पूर्ण रुपमा बन्द छ। सरकारले उद्योगमा कार्यरत दुई सय ८० कर्मचारीलाई विसं २०७६ फागुनमा रु. ९६ करोड दायित्वसहित अवकाश दिएको थियो। अहिले उद्योगको रेखदेखका लागि करारका कर्मचारी र सुरक्षागार्ड छन्।गोरखाको गोरखा नगरपालिका-१३ मजुवा देउरालीको छ सय ६५ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगमा झण्डै दस अर्ब बराबरको सम्पत्ति रहेको जनाइएको छ। उद्योगको जग्गा, भवन, वन सम्पदा, उपकरण आदिको संरक्षण प्रयास भएपनि लामो समयसम्म सञ्चालनमा नआउँदा जीर्ण बन्दै गएको उद्योगमा २५ वर्ष सेवा गर्नुभएका दिनेश कार्कीले बताउनुभयो।



उहाँले सरकारले चाहेमा चाहेमा अहिले भएकै पूर्वाधारबाट उद्योग पुनःसञ्चालन गर्न सकिने बताउनुभयो। "५०/६० वर्षलाई थेग्ने गरी उद्योगको भौतिक संरचना बनेको छ", उहाँले भन्नुभयो, "बिग्रेका उपकरण र प्रविधि फेर्न थप लगानी भने गर्नुपर्छ।"

कार्कीका अनुसार उद्योगबाट 'बायस' प्रविधिको टायर र ट्यूब उत्पादन हुँदै आएको थियो। अहिले भारतीय बजारबाट 'रेडियल' अर्थात् 'ट्यूबलेस' प्रविधिको टायर नेपाल भित्रने गरेको छ। नेपालको भू-बनोट र सडकको स्तरअनुसार अझै केही दशक 'बायस' प्रविधिकै टायर प्रयोगमा ल्याउन सकिने उहाँको भनाइ छ। "रेडियल प्रविधिमा जाने हो भने रु ५० करोड भन्दा बढी लगानी चाहिन्छ, यो प्रविधि महँगो छ", कार्कीले भन्नुभयो।

यसअघि मन्त्रालयका सहसचिवको नेतृत्वमा बनेको अध्ययन कार्यदलले पनि गोरखकाली रबर उद्योगलाई पुनःसञ्चालन गर्न सकिने भनेर औँल्याएको थियो। गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर राना मगरले सङ्घ सरकार र प्रधानमन्त्रीबाटै प्रतिबद्धता आएकाले आफूहरु उद्योग सञ्चालन हुनेमा आशावादी रहेको बताउनुभयो। "जिल्ला र स्थानीयस्तरबाट पनि पहल हुँदै आएको छ, तर अहिलेसम्म प्रयास सार्थक बन्न सकेको छैन", उहाँले भन्नुभयो, "सार्वजनिक-निजी साझेदारीको अवधारणामा उद्योग सञ्चालन गर्नुपर्छ भन्ने हाम्रो माग छ।" सरकारले उद्योग सञ्चालनको घोषणा गर्ने तर कार्यान्वयन नहुने अवस्थाको अन्त्य हुनुपर्ने उहाँले बताउनुभयो।

गुणस्तरीय टायर स्वदेशमै उत्पादन गर्न सक्ने उद्योग लामो समयसम्म बन्द हुनु दुर्भाग्य भएको प्रमुख राना मगरको भनाइ छ। "बजारमा रहेको भारतीय टायरको बर्चश्व तोड्न र नेपाली टायरलाई प्रतिस्पर्धी बनाउन पनि यो उद्योग सञ्चालन गर्नैपर्छ", उहाँले भन्नुभयो, "स्वदेशी उत्पादनको प्रवर्द्धन र रोजगारी सिर्जनामा यसले ठूलो मद्दत पुऱ्याउँछ।"

लगानी र नयाँ प्रविधि भित्राएर भएपनि उद्योग सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ। गोरखाका राजनीतिकर्मी, व्यवसायीलगायत सर्वसाधारणले लामो समयदेखि सो उद्योग सञ्चालनको माग गर्दै आएका छन्। राजनीतिक प्रभाव, कमजोर व्यवस्थापन, बजार प्रवर्द्धनको कमी जस्ता कारणले उद्योग बन्द हुन पुगेको स्थानीयवासी बताउँछन्। सरकारले चालु आवको नीति तथा कार्यक्रममा गोरखकाली रबर उद्योगसँगै हेटौँडा कपडा उद्योग र बुटवल धागो कारखाना पुनःसञ्चालनको घोषणा गरेको थियो।रासस

# व्यावसायिक तरकारी खेतीमा किसान

अत्तरिया । कैलालीमा व्यावसायिक तरकारी खेतीमा किसानले जोड दिन थालेका छन्। तरकारी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसानले व्यावसायिक तरकारी खेतीमा जोड दिन थालेका हुन्।

कैलालीको धनगढी उपमहानगरपालिका-६ विजुलियाका किसान बुद्धिराम चौधरीले विगत १२ वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ। उहाँले तरकारी खेतीबाट राम्रो आम्दानी गर्ने गरेको बताउनुभयो।"सुरु-सुरुमा थोरै जग्गामा तरकारी खेती गरिन्थ्यो, पछिल्ला वर्षहरुमा मैले १२ कट्ठा जग्गामा व्यावसायिक तरकारीखेती गर्दै आएको छु", उहाँले भन्नुभयो। उहाँका अनुसार वार्षिक रु छदेखि सात लाखसम्म आम्दानी हुन्छ। उहाँले खर्च कटाएर रु चार लाख बचत हुने गरेको बताउनुभयो।

"नौ जनाको परिवार छ, अन्य आयस्रोत केही छैन, घरखर्च छोराछोरीको पढाइलेखाइ खर्च तरकारीखेतीबाट भएको आम्दानीले नै चल्छ", चौधरीले भन्नुभयो, "आफूले पनि ताजा तरकारी खान पाइएको छ, नगद आम्दानी पनि हुन्छ, धान गहुँभन्दा तरकारी खेतीबाट राम्रो फाइदा हुने भएकाले यसमा जोड दिएको हुँ, तरकारीखेतीमा मेहनत भने बढी चाहिन्छ।"सोही ठाउँका स्थानीय किसान छेदालाल चौधरीले पनि लामो समयदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ। उहाँले आठ कट्ठा जमिनमा व्यावसायिक तरकारी खेती गर्दै आएको बताउनुभयो।

"मैले व्यावसायिकरुपमा तरकारी खेती गर्न लागेको १५ वर्ष भयो, त्योभन्दा पहिले पनि तरकारी खेती त गरिन्थ्यो, व्यावसायिकरुपमा गरिएको थिएन, अहिले मैले बाह्रैमास तरकारीखेती गर्छु", उहाँले भन्नुभयो, "आम्दानी पनि राम्रै हुन्छ, बीउबिजन, मलखाद्यलगायतको खर्च कटाएर वार्षिक रु तीन लाखसम्म बचत हुन्छ।" रासस


## श्री राष्ट्रिय माध्यमिक विद्यालय रुपैठ बेल्ही

**जनकपुरधाम उ.म.न.पा.-२०, रुपैठा**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

यस जनकपुधाम उपमहानगरपालिका च.नं. ६३६८ मिति २०८१/०१/०३ र च.नं. ६८१७ मिति २०८१/०१/१८ को प्राप्त अनुमति र यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८१/०१/२० गतेको निर्णयानुसार यस विद्यालयमा आवश्यक रहेको तपसिलको पदहरुमा इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको दरखास्त आह्वान गरिन्छ।

| क्र. सं. | विज्ञापन नं. | दरबन्दीको किसिम | तह | विषय | शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १/०८०/८१ | शिक्षण सिकाई अनुदान | मा.वि. | गणित | मूल विषय गणित लिई मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातक उतिर्ण गरेको तथा अध्यापन अनुमति पत्र लिएको | रु.२०००।- |
| २ | २/०८०/८१ | करार (प्रशिक्षक) | मा.वि. | कम्प्यूटर इन्जिनियरिंग | सम्बन्धित विषय अन्तर्गत (BE) in Computer Engineering/ ingormation Technology/Software Engineering/Computer System Engineering उतिर्ण गरेको | रु.२०००।- |
| ३ | ३/०८०/८१ | राहत (करार) | नि.मा.वि. | विज्ञान | मूल विषय विज्ञान लिई प्रविणता प्रमाणपत्र तह (+2) उतिर्ण गरि अध्यापन अनुमति पत्र लिएको | रु.१०००।- |

**आवेदन दिने अन्तिम मिति**: २०८१/०२/०३
**आवेदन दिने स्थान**: श्री राष्ट्रिय मा.वि. रुपैठ बेल्ही, जनकपुरधाम-२०,धनुषा

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**:
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रतिलिपि (वि.नं. १/०८०/८१ र ०३/०८०/८१ को हकमा)
- रकम जम्मा गरेको भौचर
- आवश्यक शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- नेपाल इन्जिनियरिंग परिषद दर्ता प्रमाणपत्र (विज्ञापन नं. २/०८०/८१ को हकमा)
- रकम जम्मा गर्नुपर्ने विद्यालयको खाता रहेको बैंक नेपाल बैंक लिमिटेड, सि.अ. जनकपुर शाखा, खाता नं. ००८००१००४६४२७८००००००१)

**सम्पर्क नं**: मो . ९८५४००२४६३,९८०७६३०१०९,९८४४३१२९५५

**प्रधानाध्यापक**

# अग्नि पीडितलाई विशेष राहत प्रदान गर्न माग

**तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले आगलागीबाट पूर्णतः जलेको मटिहानीको जरलहवा टोलका पीडितका लागि प्रदेश सरकारसंग विशेष राहतको माग गरिएको जानकारी दिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न राजनीतिक दलले महोत्तरीस्थित मटिहानीका आगलागी पीडितलाई राहत प्रदान गर्न माग गरेका छन् । शुक्रबार कांग्रेस तथा तराई मधेश लोकतान्त्रिक पार्टीका नेताहरूले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवसँग सो माग गरेका छन् ।



तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले आगलागीबाट पूर्णतः जलेको मटिहानीको जरलहवा टोलका पीडितका लागि प्रदेश सरकारसँग विशेष राहतको माग गरिएको जानकारी दिए ।

आगलागी भएको लामो समय बित्दा पनि त्यहाँ हालसम्म बसोबासको कुनै व्यवस्था नभएको अध्यक्ष लालले बताए । वैशाख १२ गते भएको आगलागीबाट एक सय भन्दा बढी घर जलेर पूर्ण रूपमा नष्ट भएको छ ।

मुख्यमन्त्री यादवसँगको भेटमा नेताहरूले एकद्वार प्रणालीको नाममा अरूलाई राहत वितरण गर्न सरकारले अवरोध खडा गरिरहेको भन्दै दुखेसो पोखेका थिए । उनीहरुले स्थानीय प्रशासन, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारबाट राजनीतिक क्रेडिटका लागि यस्तो नगर्न मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

मुख्यमन्त्री यादवलाई भेट्न गएका नेताहरूले राजनीतिक समर्थनको आधारमा सहयोग वितरण गर्न नहुने र जनताको पैसाबाट गरिने सरकारी सहयोगमा व्यक्ति वा नेताको हालीमुहाली चल्न नहुने धारणा राखेका थिए ।

अग्नि पीडितका लागि मधेश सरकारले हालसम्म कुनै विशेष राहतको घोषणा नगरेकोमा रोष प्रकट गर्दै उनीहरुले पीडितलाई यथाशीघ्र राहत प्रदान गर्न आग्रह गरे । मधेश प्रदेशमा भूमिगत जलको सतह झरेर दैनिक उपयोग र खानेपानीको अभाव भएको समस्याप्रति समेत मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइएको अध्यक्ष लालले बताए ।

यस क्षेत्रमा देखिएको खानेपानीको समस्यालाई तत्काल समाधान गर्नका लागि ध्यानाकर्षण गराउँदै उनीहरुले भूमिगत जलको रिचार्जिङको निमित्त अल्पकालीन र दीर्घकालीन परियोजना सञ्चालन गर्न आग्रह गरेका छन् ।

पछिल्लो समय मधेश प्रदेशमा हत्या र दुर्घटनाका घटनाहरू समेत बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै नेताहरूले यसलाई तत्काल नियन्त्रण गर्न मुख्यमन्त्री यादवसँग आग्रह गरेका छन् ।

# १५ लाख बराबरको अवैध सामान बरामद

टुडे समाचारदाता

गौर । सशस्त्र प्रहरी बलले रौतहटको विभिन्न स्थानबाट राजस्व छलेर ल्याइएको १५ लाख रुपैयाँ बराबरको सामान बरामद गरेको छ ।



सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गणले रौतहटको विभिन्न नाकाबाट राजस्व छलेर अवैध रूपले भित्रिएको लत्ताकपडा, किराना सामान तथा मदिरालगायतका सामान बरामद गरेको जनाएको छ ।

भन्सार छलेर ल्याइएको ४ सय ४ थान लत्ताकपडा सहित भारततर्फ अवैधरूपमा पठाउन लागिएको १ सय ४ कार्टुन मदिरा समेत बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीले अवैध कारोबारमा प्रयोग भएका ४ थान मोटरसाइकल र ६ थान साइकल समेत बरामद गरेको छ । बरामद गरिएका सामान भन्सार कार्यालयमा पठाइएको नम्बर ११ गणले जनाएको छ ।

# महंगो शिक्षाको भारीले थिचिएका अभिभावक

**ब्लग :**



**श्यामसुन्दर शशि**

मुलुकमा विद्यालय भर्ना अभियान चलिरहेको वेला गत साता सामाजिक सञ्जालमा एउटा घत लाग्दो कार्टून फेला पर्‍यो । बोर्डिङ स्कुलमा छोरा छोरीलाई भर्ना गराएर फर्किंदै गरेका निर्वस्त्र अभिभावकको पीडा अभिव्यक्त थियो, यस कार्टूनमा । विचरा अभिभावकभन्दै थिए- 'जे होस्, छोरा छोरीको जेनतेन भर्ना गरियो ।' भनिन्छ, एउटा तस्वीर एक हजार शब्द बोल्ने सामर्थ्य राख्दछ । यो कार्टून नेपाली अभिभावकहरुको पीडालाई हजारौं शब्दमा अभिव्यक्त गरेको महसुस भयो । मासिक शुल्क, प्रत्येक वर्ष विद्यालय भर्ना शुल्क, कम्प्युटर, खेलकुद, मर्मत सम्भार, पुस्तकालय, यातायात, ल्याव, मनोरंजन, पुस्तक र ड्रेस आदिको नाममा निजी विद्यालयहरुले चलाएको उगाही धन्धाबाट विद्यार्थी र अभिभावक वाक्क दिक्क छन् । विद्यार्थीलाई पुस्तकको भारी । अभिभावकलाई पुस्तकको मूल्य र स्कुल फिसको भारी । 'नखाऊँ भने दिनभरिको सिकार । खाउँ भने कान्छा बाउको अनुहार ।' आफू निर्वस्त्र भएर पनि छोरा छोरीलाई पढाउँनै पर्‍यो ।

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ । जसमा निजी र सामुदायिक दुबै विद्यालय पर्दछन् । सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरु नेपाल सरकारले तोकेको तलब पाउँछन् । रोजगारीको ग्यारेन्टी पनि छ । आधारभूत (कक्षा ८ सम्म) अनिवार्य तथा माध्यमिक (कक्षा १२ सम्म) निःशुल्क शिक्षाको व्यवस्था छ तर अधिकांश सामुदायिक विद्यालय धराशायी बनेका छन् । कही शिक्षक आभाव छ, कही फालाफाल । पालिकाहरुको चरम राजनीतिको प्रभाव विद्यालयहरुमा पर्न थालेका छन् । राजनीति कारणले समयमा गाउँ वा नगर सभा हुदैन र तलव रोकिन्छ, शिक्षक कर्मचारीको । सामुदायिक विद्यालयहरुका व्याप्त मनोमानी तन्त्रको कारण निजी तथा आवासीय विद्यालयहरु फस्टाउँदै छन् । निजी र सामुदायिक दुबै विद्यालयको अनुगमन गर्ने अधिकारी स्थानीय सरकार बाँदरको पुच्छर जस्तै न लौरो र हतियार बनेको छ ।

वैशाख देखि नयाँ शैक्षिक सत्र सुरु भएको छ । विद्यालय भर्ना संगै विद्यार्थीहरु उपल्ला कक्षामा उक्लिन्छन् । तर कस्तो बिडम्बना ! उही विद्यालयमा पढ्ने विद्यार्थी उपल्लो कक्षामा भर्ना हुँदा पुनःनामाकंन शुल्क तिर्नु पर्दछ । कुनै खास प्रकाशन गृहका कुनै खास पुस्तक पाठ्यक्रममा राखे वापत निजी विद्यालय संचालकहरुले कमिशन वापत मोटो रकम पाउँछन् । देश विदेशको टूर गर्न




पाउँछन् । यसको परिणाम हो- प्रत्येक वर्ष नयाँ पाठ्य पुस्तक परिवर्तन । धेरैलाई स्मरण होला, अधियादाम (आधामूल्य)मा पुस्तक खरिद गरेर पढेको । नेपाल सरकारले नियोजित गरेको पाठ्यपुस्तक वर्षौ चल्ने अनि निजी प्रकाशन गृहका पुस्तकहरु वर्षै पिच्छे परिवर्तन भई रहनु पर्ने ? यसको एक मात्र कारण हो कितावमा पाईने कमिशन । निजी विद्यालयमै पर्ने निम्न आयका विद्यार्थीहरुका लागि विद्यालयका पुस्तकालयबाट पुराना पुस्तक उपलब्ध गराई दिएर वा चाह्नेले आधामूल्यमा पुस्तक खरिद गरेर पढ्न सक्ने वातावरण बनाउँन स्थानीय सरकारको हस्तक्षेप आवश्यक छ ।

प्रत्येक वर्ष पाठ्यपुस्तक परिवर्तन भई रहने जिज्ञासामा एक निजी विद्यालय संचालकले मलाई सम्झाएकाथिए- 'सोसल, विज्ञान, सामान्य ज्ञान आदि विषयमा केही न केही परिवर्तन भई रहन्छ । विद्यार्थीहरुलाई अपडेट राख्न नयाँ संस्करण खरिद गर्न भन्छौं ।' सरसरी हेर्दा सरको तर्क बेठिक छैन तर नेपाल जस्तो देशमा वर्षमा दुई पटक प्रधानमन्त्री फेरिन्छन् । तीन-तीन पटक मुख्यमन्त्री फेरिन्छन् । अनि वर्षमा दुई चोटी पाठ् यपुस्तक फेर्नोस् । फेरि सबै थोक पाठ्यपुस्तकबाटै पढने हो भने शिक्षकको के काम? सोसल वा सामान्य ज्ञान पढाउने सरले यस विषयमा विद्यार्थीहरुलाई आफै अपडेट गर्न सक्नु हुन्न?

जनकपुरधामको कुरा गरौं भने, सयौं निजी विद्यालय संचालनमा छन् । दर्ता नै नभई संचालनमा रहेका विद्यालयहरुको संख्या पनि थुप्रै छन् । अधिकांश निजी विद्यालय विद्यार्थीहरुसंग प्रत्येक वर्ष नामांकन शुल्क असुली गर्छन । आउट डोर खेल मैदान भएको कुनै निजी विद्यालय जनकपुरधाममा छन, जस्तो लाग्दैन र पनि खेलकुद र मनोरंजनको नाममा शुल्क असुली गरिन्छ । नियामक निकाय जनकपुरधाम उपमहानगर पालिका मौन छ । प्रत्येक वर्ष पाठ्यपुस्तक फेरिन्छ तर अभिभावक चुप्प छन् । काठमाण्डुका मेयर बालेन शाहले एउटै विद्यार्थीसंग पटक पटक नामांकन शुल्क लिने विद्यालय माथि कार्यवाही गर्ने घोषणा गरेका छन् । जनकपुरधामउपमहानगर पालिकालाई सामुदायिक र निजी दुबै विद्यालय संग यस्तो निर्देशन दिन कुन कानुनले रोकेको छ ?

शिक्षा, स्वास्थ्य लगायतका मानवीय सूचकांकमा मधेश प्रदेश पुछारमा पर्दछ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रको तथ्यांक अनुसार मुलुकका ७७ जिल्ला मध्ये ६१ जिल्ला पूर्ण साक्षर छन् । पूर्ण साक्षर हुन नसकेका १६ जिल्लामध्ये मधेश प्रदेशका ८ वटै जिल्ला छन् । जबकि कर्णालीका १० मध्ये ५ जिल्ला पूर्ण साक्षर घोषणा भई सकेको छ । सिमान्तकृत समुदाय मध्येका मुसहर जातिमा ३.७, डुम जातिका ६.५ र चमार जातिका १२.७प्रतिशत व्यक्ति मात्र साक्षर छन जो पहाडी र हिमाली दलित भन्दा धेरै पछाडि छ ।

प्रदेशको शैक्षिक सुचकांक पुछारमा रहेको तीनै तहका सरकारले विद्यालय भर्ना संगै ड्रप आउट हटाउन, निजी विद्यालयहरुको अतिरिक्त शुल्क रोक्न तथा सामुदायिक विद्यालयहरुलाई व्यवस्थित गर्न सशक्त योजना चाहिन्छ ।

# नेकपा एमाले पर्साको अध्यक्षमा शर्मा

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल कम्युनिष्ट पार्टी (एमाले) पर्सा जिल्लाको अध्यक्षमा डा विश्वम्भर शर्मा निर्विरोध चयन भएका छन् । नेकपा एमाले पर्सा जिल्लाको नवौं अधिवेशनबाट शर्मा निर्विरोधरुपमा चयन भएका छन् ।

नवौं अधिवेशनमा अध्यक्ष पदमा तीन जनाले उम्मेदवारी दाबी गरेका थिए । तर अन्तिम समयमा आएर अध्यक्षका दुई प्रत्यासी



जयप्रकाश थारु र हनिफ मियाँले उम्मेदवारी फिर्ता लिएसँगै शर्मा अध्यक्षमा चयन भएका छन् ।

पाँच पदाधिकारीसहित एक सय २७ सदस्यका लागि निर्वाचन हुन लागेको छ । पर्सा जिल्लामा १४ वटा पालिका छन् । तीमध्ये ११ पालिकाबाट जिल्ला सदस्यमा सर्वसम्मत चयन भएका छन् ।

वीरगञ्ज, पर्सौनी र पर्सागढी पालिकाबाट जिल्ला सदस्य पदमा अहिलेसम्म सर्वसहमत हुन सकेको छैन । एमालेको नवौं जिल्ला अधिवेशन सोमबार उद्घाटनसत्र भएको थियो । अधिवेशनको मङ्गलबार बन्दसत्र सकिएसँगै निर्वाचन प्रक्रिया अघि बढेको थियो ।

## एमाले पर्साको निर्वाचनमा कुटाकुट




**टुडे समाचारदाता**

वीरगञ्ज । नेकपा एमाले पर्सा जिल्लाको निर्वाचनमा कार्यकर्ताहरूबिच कुटाकुट भएको छ ।

एमाले पर्साको अधिवेशनमा जबरजस्ती मतदान गराउन खोजेपछि कार्यकर्ताहरूबिच कुटाकुट भएको जिल्ला सचिवका उम्मेदवार नवराज शर्माले जानकारी दिएका छन् । संस्थापन पक्षले जबरजस्ती मतदान गराउन खोजेपछि कुटाकुट भएको उनको भनाइ छ ।

शर्माका अनुसार मतदान स्थलमा कुटाकुट हुँदा वीरगञ्ज महानगरपालिका- २० का वडाअध्यक्ष एवं जिल्ला उपसचिवका उम्मेदवार रामकिशोर सिंह (पराग) घाइते भएका छन् । संस्थापन पक्षका मनोज गुप्तासहितको टोलीले इतरपक्षमाथि हमला गरेपछि वडाअध्यक्ष सिंहको नाकमा चोट लागेको छ । घाइते सिंहको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको बताइएको छ । नेताहरूमाथि पनि हातपातसमेत गरिएको शर्माले बताए ।

सोमबार एमाले पर्साको ९ औं अधिवेशनको उद्घाटन भएपछि शुक्रबार नेतृत्व चयनमा विवाद बढ्दा कुटाकुट भएको छ ।

# खडेरीले बारामा दक्षिणी भागमा रोपाइँ प्रभावित

टुडे समाचारदाता

कलैया । चैतभित्रै किसानले चैतेधान रोपाइँ सम्पन्न गरिसक्नुपर्नेमा लामो समयदेखिको खडेरीले गर्दा जिल्लामा करिब ६० प्रतिशत मात्र रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायणप्रसाद साहका अनुसार जिल्लाको उत्तरी क्षेत्रका किसान आफैँले सिँचाइको व्यवस्था गरी यस वर्ष १६ हजार हेक्टरमा हर्दिनाथ-१, चैते-१, चैते-२, चैते-४ जातको धान रोपेका छन् । दक्षिणी क्षेत्रका किसानले खडेरीले गर्दा रोपाइँ गर्न सकेको छैनन् । भदैया, अग्हनी धानको उत्पादकत्वभन्दा चैतेधानको उत्पादन बढी हुने भएकाले चैतेधान खेतीतर्फ किसान बढी आकर्षित हुने गरेका छन् । गत वर्ष किसानले कुल १६ हजार हेक्टर क्षेत्रफलमा चैतेधान खेती गरी प्रतिहेक्टर पाँच मेट्रिक टन उत्पादन गरेका थिए ।

# खुवा उत्पादनबाट वार्षिक १८ करोड रुपैयाँको कारोबार

टुडे समाचारदाता

बारा । निजगढ नगरपालिका-६ का सुजन तिमिल्सिनाको परिवारले दैनिक १ हजार ५ सयदेखि २ हजार लिटर दुधको खुवा उत्पादन गर्दछन् । झिसमिसेदेखि मध्यरातसम्म आगोको भट्टीमा कराही घोटेर १ खुवा उत्पादन गर्दै आएका तिमिल्सिना परिवार अहिले भने आधुनिक मेसिनको प्रयोग गर्न थालेको छ ।



झण्डै एक दशकदेखि व्यावसायिक रुपमा खुवा उत्पादन गर्दै आएका तिमिल्सिना परिवार दाउराको प्रयोग गरेर खुवा पकाउँदा धेरै खर्चिलो, समय पनि धेरै लाग्ने र खुवाको गुणस्तरमा समेत गुनासो आउने गरेको सुनाउँछ ।

तर अहिले आधुनिक मेसिन प्रयोग गरेर खुवा पकाउन थालेपछि धेरै सजिलो भएको र दाउराको खपत ७५ प्रतिशतले घटेको सुजन बताउँछन् । अर्कोतिर समयको पनि बचत र उत्पादन लागतसमेत घटेको उनले सुनाए ।

मेसिनको प्रयोग गर्दा एक जनाले दिनभरमा २ हजार लिटरसम्म दुधको खुवा सजिलै पकाउन सक्छन् । सुजनले दुई साता अघि भारतको दिल्लीबाट १४ लाख रुपैयाँको लागतमा खुवा बनाउने मेसिन खरिद गरेका हुन् ।

निजगढका तिमिल्सिना वाष्पीकरण विधिबाट स्वचालित मेसिन प्रयोग गरेर खुवा पकाउने नेपालमै दोस्रो किसान हुन् । यसअघि काभ्रे रजबासका राजकुमार थापा मगरले यस्तो आधुनिक मेसिनको प्रयोग गरेर खुवा उत्पादन गर्दै आएका थिए ।

'अहिले मेसिन आएपछि ५ सय लिटर दुध घोट्न २ देखि ३ घण्टामात्रै लाग्छ,' सुजनले भने, 'समय पनि धैरै कम लाग्छ, खुवाको क्वालिटी पनि धैरै राम्रो छ, दाउराको बचत पनि भयो, एक जना मान्छेले सबै काम गर्न सक्छ ।'

तिमिल्सिना परिवारले व्यावसायिक रुपमा उत्पादन गरेको खुवा काठमाडौं, बनेपा, जनकपुर, सप्तरी, वीरगञ्ज लगायतका बजारमा बिक्री हुने गर्दछ ।

उनले एक दशक अघि सर्वहितैषी नामक डेरी सञ्चालन गरेर स्थानीय पशुपालक किसानको दुध सङ्कलन गर्दै आएका छन्, जसमा २ सयदेखि २५५ जना किसान आवद्ध छन् । किसानहरूबाट सिजनमा दैनिक २ हजार लिटरसम्म दुध सङ्कलन गरेर तिमिल्सिनाले खुवा उत्पादन गरी बिक्री गर्दछन् ।

व्यावसायिक रुपमा खुवा उत्पादनबाट सबै खर्च कटाएर मासिक १० लाख रुपैयाँभन्दा धेरै बचत हुने गरेको उनको भनाइ छ ।

तिमिल्सिना परिवारजस्तै निजगढमा मात्रै २६८ जना किसानले व्यावसायिक रुपमा कराहीमा दुध घोटेर खुवा उत्पादन गर्दछन् । जसबाट वार्षिक १८ करोड रुपैयाँको कारोबार हुने गरेको कुशल व्यवसाय तथा परामर्श तालिम केन्द्रका प्रमुख सरोज कोइरालाले जनाए ।

निजगढका खुवा उत्पादक किसानलाई कुशल व्यवसाय तथा परामर्श तालिम केन्द्रले लेबलिङ, ब्राडिङ, प्याकेजिङ, बजारीकरण तथा अन्य प्राविधिक सहयोग गर्दै आएको छ । सो संस्थाको प्राविधिक सहयोगमा तिमिल्सिना परिवारले खुवा पकाउने मेसिन दिल्लीबाट ल्याएको हो ।

निजगढ-६ का पशुपालक किसान प्रेमप्रसाद दंगालले सामुदायिक डेरीहरूले दुध धैरै भएर नलिएको अवस्थामा किसानले निजी डेरीमा दुध बिक्री गर्दछन् ।

'कोरोनाकालमा पनि यहाँ दुध बिक्री रोकिएन । खुवा घोटिन्छ, दुध, दही, पनिर पनि बिक्री हुन्छ,' दंगालले भने, 'पैसा पनि भनेको बेलामा पाइएको छ । अरु दुध डेरीमा किसानले ५ महिनादेखि पैसा पाएका छैनन् ।'

निजगढमा अहिले व्यावसायिक रुपमा ३ वटा उद्योगले खुवा उत्पादन गरेर देशका विभिन्न भागमा पुर्‍याउने गरेका छन् । 'पहिला दिनभर लागेर खुवा घोट्नुपर्थ्यो भने अहिले मेसिनबाट २० मिनेटमा २० लिटर दुधको खुवा तयार हुन्छ,' कोइरालाले भने, 'प्रविधिको प्रयोगले दाउराको खपत एकदमै न्यून भएको छ । पहिला ६० किलो दुधका लागि सय किलो दाउरा लाग्थ्यो भने अहिले २० किलो दाउराले पुग्छ ।'

उनले निजगढमा उत्पादन भएको खुवा एक दिन बिराएर १० देखि ११ क्वीन्टलसम्म काठमाडौं जाने गरेको बताए । 'निजगढको खुवाको बजार भनेको बनेपा, धुलिखेल, पनौती, जनकपुर र वीरगञ्जका मिठाइ पसलहरू, सप्तरीको बाजेको पेडा भण्डार र स्थानीय बजार हो,' कोइरालाले भने ।

निजगढ नगरपालिका दुध उत्पादन, खुवा, मह र केरा खेतीका लागि प्रसिद्ध छ । किसानहरूले उत्पादन गरेका यी उत्पादनको ब्राण्डिङ, लेबलिङ र बजारीकरणमा भने निजगढ नगरपालिकाले कुनै सहयोग नगरेको किसानहरूको गुनासो छ ।

निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले खुवाको उत्पादन तथा बजारीकरणका लागि चालु आर्थिक वर्षमा कुनै कार्यक्रम नभएको बताए । 'व्यावसायिक रुपमा खुवा उत्पादन र बजारीकरणका लागि चालु आर्थिक वर्षमा नगरपालिकाले कुनै कार्यक्रम राखेको छैन । अब आगामी आर्थिक वर्षमा केही गर्ने हाम्रो योजना छ,' प्रमुख प्रशासकीय अधिकृत बर्तौलाले भने ।

# आगलागीमा करोडौंको क्षति

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको विष्णु गाउँपालिकास्थित बाराउद्योरण गाउँमा भएको आगलागीबाट करोडौंको क्षति भएको छ । जिल्लाको दक्षिण पश्चिम स्थित विष्णु -१, बाराउद्योरण गाउँमा बिहीवार भिषण आगालागी भएको थियो । आगलागीबाट स्थानीयको ६१ घरसहित लत्ताकपडा, अन्नपात, नगद र अन्य सरसामग्रीसमेत नष्ट हुँदा दुई करोड १५ लाख बराबरको क्षति भएको बताइएको छ ।

नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधिलगायतको उपस्थितिमा क्षतिको विवरण आँकलन गरिएको थियो । आगलागीबाट ५७ स्थानीयको घर पूर्णरुपमा खरानी भएको र चार जनाको पक्की घरमा आङ्शिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।

आगलागीबाट स्थानीयको दुई मोटरसाइकल, एउटा ट्र्याक्टरसमेत जलेको छ । विष्णु -१ शत्रुधन राउतको घरबाट सुरु भएको आगोले चन्देश्वर राउत, सामबाबु राउत, जिगिन्द्र राउतलगायत गरी ५७ घर नष्ट भएको प्रहरीले जनाएको छ ।

बिहीबार दिउँसो लागेको सो आगो रातिमात्र पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगलागीबाट भखरै खेतबाट ल्याएर भित्राएको सयौं क्वीन्टल गहुँ तथा घरमा भण्डारण गरेर राखेको अन्य अन्नपात मात्रामा नष्ट भएको छ । आगलागीले क्षण भरमै राउत गाउँ खरानी भएको थियो ।

तीब्र हावा तथा घरमा रहेका सिलिण्डर ग्यास विस्फोटले गर्दा आगो गाउँमा फैलिएको जनाइएको छ । यस्तै आगलागी लगतै पीडित परिवारलाई पालिकाले नजिकैको विद्यालयमा सामूहिक भोजनको व्यवस्था गरेको छ । बासको लागी विद्यालयमा प्रबन्ध गरिएको विष्णु -१ का वडाध्यक्ष विकाउ ठाकुरले जानकारी दिए । धेरै पीडितले बिहीबारराती घर डढेकै स्थान नजिकै रात बिताएका थिए ।

पीडितका लागि तत्काल विभिन्न सङ्घसंस्थाको सहकार्यमा त्रिपाल, केही भाडावर्तन, ओड्ने ओछ्याउने लगायतका सामग्री वितरणको तयारी गरिएको गाउँपालिकाका प्रशासकीय अधिकृत सञ्जिव सापकोटाले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८